# बुढीगंगा गाउँपालिका गाउँशिक्षा योजना

२०८०/०८१______ २०९०/०९१

बुढीगंगा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल




बुढीगंगा गाउँपालिका

गाउँपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ, कोशी प्रदेश ।

## विषय सूची


परिच्छेद एकः परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ सबल पक्षहरू ........ ७

१.३ मुख्य समस्याहरू ........ ७

१.४ चुनौतिहरू ........ ७

१.५ अवसरहरु ........ ८

परिच्छेद दुईः लक्ष्य निर्धारण ........ ९

२.१ दूरदृष्टि ........ ९

२.२ लक्ष्य ........ ९

२.३ उद्देश्य ........ ९

२.४ रणनीतिहरू ........ ९

२.५ कार्यनीतिहरू ........ १०

२.६ अपेक्षित उपलब्धि ........ १५

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ १५

परिच्छेद तीनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू ........ १८

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ १८

३.२ आधारभूत शिक्षा ........ २२

३.३ माध्यमिक शिक्षा ........ २७

३.४ पाठ्यक्रम र मूल्याङ्कन ........ ३१

३.५ शिक्षक व्यवस्थापन र विकास ........ ३५

३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ ........ ३९

परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ ४३

४.१ लैङ्गिक समानता र समावेशीकरण ........ ४३

४.२ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ ४८

४.३ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामामा शिक्षा ........ ५२

४.५ विद्यालय भौतिक पूर्वाधार विकास ........................................................ ५५
४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........................................................ ५७
४.७ प्राविधिक तथा व्यावसायिक शिक्षा ........................................................ ६१
परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन ........................................................ ६९
५.१ सुशासन तथा व्यवस्थापन ........................................................ ६९
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........................................................ ७२
५.३ अनुगमन तथा मूल्याङ्कन ........................................................ ७५
परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन ........................................................ ७८
६.१ परिचय ........................................................ ७८
६.२ वर्तमान अवस्था ........................................................ ७८
६.३ उद्देश्यहरू ........................................................ ७९
६.४ रणनीतिहरू ........................................................ ८०
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........................................................ ८०
क. स्थानीय तहबाट शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट
ख. प्रदेश सरकारबाट शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट
ग. सङ्घीय सरकारबाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट
घ. संघ प्रदेश र स्थानीय तहको वियक्षेत्रगत कार्यक्रम तथा बजेट
सन्दर्भ सामग्री (Bibliography)

# बुढीगंगा गाउँपालिकाको शिक्षाको १० वर्षे रणनीतिक योजना

## २०८०।०८१-२०१०।०९१

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

### क भौगोलिक अवस्थिति

मोरङको बुढीगंगा गाउँपालिकाको बिराटनगर महानगरपालिकासँग सिमाना जोडिएको छ। विराटनगरबाट यो गाउँपालिका उत्तर तिर पर्दछ । तसर्थ बुढीगंगा र विराटनगरको बिचमा खासै अन्तर रहेको छैन । बुढीगंगा गाउँपालिकामा थुप्रै उद्योगधन्दा छन्, जसले विराटनगरमा भएको ख्याति पाएका छन् । विभिन्न उद्योगधन्दाको अवस्थितिका कारण यो स्थान विगतमा र वर्तमानमा पनि प्रख्यात स्थल हो । अघि वि।सं। १९७१ सालभन्दा अगाडी रंगेली विराटनगरको सदरमुकाम थियो । तर त्यस बेला पनि हात्तिमुडा र टंकि सिनवारी भेगमा मानिसको सामान्य वस्ती थियो । यसै गरी यही गाउँपालिकाबाट कोशी राजमार्ग पनि गयेको देखिन्छ । पछि १९७१ सालमा मोरङको सदरमुकाम बिराटनगरमा सारिएको हो । त्यस पछि बुढीगंगा गाउँपालिका क्षेत्र विराटनगरको उत्तर तिरको महत्वपूर्ण गाउँको रुपमा परिचित रह्यो ।

अघि बुढीगंगा गाउँपालिका क्षेत्रको ठुलो भूभागलाई घना जंगलले ढाकेको देखिन्छ । यहाँका नदी किनारी भागमा केही जातजातीका मानिसहरुका स(साना वस्तीहरु थिए । घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । बुढीगंगा गाउँपालिका भेगमा बेलाबेलामा पाईने पुराना बसोबासका अवशेषहरुले यसैकुराकोसंकेतगरेकाछन्।डंग्राहा, सिसवनी बडहरा, हात्तिमुडा र टंकी सिनवारी आसपासमा यस्ता पुराना थुप्रै प्रकारका अवशेषहरु पाईएका छन् । तिनीहरु कतिपय नासिएका छन् भने कतिपय अझसम्म पनि उजागर हुन सकेका छैनन् । अघि राणाकालमा मोरङको सदरमुकार रंगेलीतिर जाँदा यहींको बाटो हिंडने चलन थियो । धरान र पहाडतिरबाट बिराटनगर र भारतका विभिन्न स्थानतिर जाने बाटो पनि यहींबाट गएको थियो । यस अधारमा बुढीगंगाको सम्बन्ध विराटनगरसंगै गाँसिएको छ र यसको प्राचिनता विराटनगर जतिकै पुरानो मानिन्छ ।

शीत नारायण थापा
अध्यक्ष

ऐतिहासिक रुपमा मोरङको बुढीगंगा लगायतको विराटनगर भेग बिभिन्न राज्यको अधिनमा पर्ने र यदा कदा स्थानीय रजौटाहरुले शासन गर्ने स्थान भयो । अघि यो भेग मत्स्यदेश भित्र पर्दथो पछि गएर मत्स्यदेश टुक्रिन पुग्यो र यो क्षेत्र पुण्डबर्धनको एक महत्व पूर्ण केन्द्र बन्यो प्राचिनकालमा यो भेग बरागक्षेत्र नजिकमा पर्ने गर्दथो । त्यसै बेला यस स्थानमा मानिसहरुको बसोबास भएको संकेत पाईन्छ । प्राचिनकाल देखिनै यस वरपरको ठूलो क्षेत्रमा मानिसको बसिबास भएको अनुमान छ । मोरङको भेडियारी, कसेनीको धनपालगडी, हरैचा र राजघाट सहर नै बुढीगंगा क्षेत्रमा पनि मानिसहरुको बसोबास थियो । मध्यकालमा कुनै बेला बुढीगंगा भेग मोरङ राज्य भित्र पर्दथ्यो त्यसै त्यसै बेला यो स्थान पनि राजा धनपालको अधिनमा थियो भन्ने देखिन्छ । विजयपुर भेग बिभिन्न राजा र रजौटाका अधिनमा पर्ने र तिनबाट छुट्कारा पाउने क्रममा नै यस भेगमा विजय नारयण पछि पाल्पाली शेन राजा लोहान शेनले कब्जा गरे । यो भेग मोरङको महत्वपूर्ण क्षेत्रका रुपमा मधयकाल भर रहिरहयो ।

पाल्पाली शेनको अधिनमा रहेको बुढीगंगा लगायतको मोरङ राज्य मकवानपुरको अधिनमा राखिएको थियो । यस भेगको राजा भने लोहाँगशेन थिए जो मकवानपुरमा बसेर शासन गर्दथे । अझ पछि भने मकवानपुर शेन राजा हरिहर शेनका नाती बिधाता ईन्द्र शेनले मकवानपुरबाट विजयपुरलाई अलग राज्य बनाएको हुँदा बुढीगंगा लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । शेनकाल भन्दा अघिनै कसिनिको धनपाल गडीलाई किल्ला बनाएर एक जना स्थानीय रजौटाले शासन चलाएका थिए । तिनको राजधानी र दरवारका विशेषता हरु अहिले पनि कसेनीमा रहेको छ । यसलाई स्थानीय मानिसहरुले संरक्षण गरेर राखेका छन् । जसलाई धनपाल गडीको नामले जान्ने गरिन्छ । सम्बवत धनपालको दक्षिण गडी या सिमाना भने धनपालथान थिए । कुनैबेला बुढीगंगा भेग पनि धनपालको अधिनमा रहेको अनुमान गर्न सकिन्छ । सम्भवत राजा धनपालको पश्चिमी किल्ला केशलिया खोला थियो । यता मानगड पनि यसै गाउँपालिका भित्र पर्दथ्यो । यो मध्यकालको ऐतिहासिक गड थियो भनिन्छ ।बुढीगंगा भेग मध्यकालमा जंगल र कतै कतै वस्ती क्षेत्रका रुपमा थियो । बिभिन्न भागमा स(साना वस्तीहरु थिए । तिनमा रजौटाहरुले शासन गर्दथे । मानगड त्यस्तै एकजना रजौटाको गड थियो । हात्तिमुडा पनि मध्यकालि नवस्तीक्षेत्र थियो भन्ने देखिन्छ।वि।सं।१८३१सालमा विजयपुर ब्रिहत्तर नेपालमा गाभिए पछि भने बुढीगंगा लगायतको विजयपुर भेग पनि ब्रिहत्तर नेपाल भित्र पर्न

जीत नारायण थापा मगर
अध्यक्ष

पुग्यो । त्यस पछि केहि समय सम्म सागुरीगडीबाट यस भेगको शासन चल्यो त्यसपछि मोरङको शासन रंगेली सदरमुकामबाट चलाउन लागियो । यता वि।सं। १९७१ साल पछि भने मोरङको राजधानी विराटनगरमा सर्यो र बुढीगंगा विराटनगरको सिमावती गाउँका रुपमा पुग्यो । यहाँ उत्पादित सागसब्जि लगायतका अन्नपात र फलफुल आदि विराटनगरको बजारमा खपत हुने गर्दथ्यो । अहिले सम्म पनि विराटनगरमा आवश्यक धेरै प्रकारका उत्पादनहरु यहि गाउँपालिकाले धानेको छ ।तर आज आएर भने विराटनगरमा खोलिएका भनिएका धेरै उद्योगहरु बुढीगंगामा रहेका छन् जसले गर्दा यहाँको उर्बर जमिन उद्योग धन्दाले भरिन लागेको छ।

संघीय संरचना अनुसार प्रदेश नं. १ अर्न्तगत मोरङ जिल्लामा महानगरपालिका-१, नगरपालिका-८, गाउँपालिका-८गरी १७ वटा स्थानीय तह रहेकोमा पूर्वि नेपालको महेन्द राजमार्ग भन्दा दक्षिण दिशामा प्रदेश नं.१ को राजधानीरहेको विराटनगर महानगरपालिकाबाट उत्तर तर्फको भागमा झण्डै नेपालको नक्साकार रुपमा उत्तर दक्षिण भएरफैलिएको छ । साविकको टंकिसिनवारी,हात्तिमुडा, शिसवनिबडहरा र डगप्रहा गा.वि.स. मिलाएर बनाइएकोयस बुढीगंगा गाउँपालिका प्रदेश नं १ कै औधोगिक कोरिडोरमा रहेको तथा बिकासको प्रचुर सम्भावना रक्षमता रहेको नेपालकै पहिलो औधोगिक गाउँपालिका पनि हो । कुल क्षेत्रफल ५६.४१ वर्ग किलोमिटर रहेकोयो गाउँपालिकाको पूर्वि सिमानामा ग्रामथान गाउपालिका,उत्तरी सिमानामा सुन्दरहँचा नगरपालिका, दक्षिणसिमानामा विराटनगर महानगरपालिका र पश्चिम सिमानामा बुढीखोला रहेको छ । समुद्रि सतहबाट करिव ८७ मिटरको उचाइमा रहेको यो गाउँपालिका ८७.२७ डिग्रि पुर्वि देशान्तरवाट २७ डिग्रि ४५ मिनेट उत्तरी अंक्षांशमा अवस्थित छ । मोरङ र सुनसरी जिल्लाको सिमाना भएर बग्ने बुढीखोलाको नामबाट बुढीगंगा गाउँपालिका नामाकरण भएको यस गाउँपालिकाको पूर्वतर्फ एतिहासिक सिंगिया खोला रहेको छ।

जीत नारायण थापा मगर
अध्यक्ष

**गाउँपालिकाका वडाहरुको विवरण**

साविकको टंकिसिनवारी गाविसका विभिन्न वडारु मध्ये वडा नं. १ र ३ बुडीगंगा गाउँपालिकाका वडा नं. १, टंकिसिनवारी गाविसका २, ८ र ९ वडा लाई बुडीगंगा गाउँपालिकाको वडा नं. २ तथा टंकिसिनवारी गाविसका ४, ५, ६ र ७ वडा लाई बुडीगंगा गाउँपालिकाको वडा नं. ३ यता साविकको हात्तिमुढा गाविसका ५, ६, ७ र ८ नं वडा नं ४ तथा हात्तिमुढाका गा. वि. स. वडानं१, २, ३, ४ र ९ वडा नं ५ सिसवनी बडहराका वडा नं १, २, ६, ७, ८ र ९ तथा डंग्राहाका १, २, ३ नं वडा नं ६ सिसवनी बडहराका वडा नं ३, ४ र ५ तथा डंग्राहाका वडा नं ४, ५, ६, ७ ८ र ९ वडा नं ७ कायम गरिएको छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

बुढीगंगा गाउँपालिका कार्यपालिकाको कार्यालय हात्तिमुडा, मोरङ कोशी प्रदेश, नेपाल

## शैक्षिक अवस्था

वि.सं २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकामा साक्षरता प्रतिशत जम्मा ७५.९ प्रतिशत रहेको छ । यहाको पुरुष साक्षरता ८२.९ प्रतिशत र महिला साक्षरता दर ६९.२ रहेको छ । बुढीगंगा गाउँपालिकामा उमेर समूह तथा लिगंका आधारमा पनि साक्षरताको अवस्था वर्गीकरण गरिएको छ । यहाँ पुरुष साक्षरता केहि ज्यादा र महिला साक्षरता केहि कम छ । यस गाउँपालिकामा सबै उमेर समूहमा पुरुषको भन्दा महिलाको साक्षरता दर कम देखिएको छ ।

**गाउँपालिकाको साक्षरता प्रतिशत**

| सि.नं | शैक्षिक अवस्था | लिगं | | औषत साक्षरता प्रतिशत |
|---|---|---|---|---|
| | | पुरुष प्रतिशत | महिला प्रतिशत | |
| १ | साक्षरता प्रतिशत | ८२.९ | ६९.२ | ७५.९ |

**स्रोत राष्ट्रिय जनगणना २०७८**

गाउँपालिकामा भएकाशिक्षण संस्थाहरुको संख्यात्मक विवरण

| क्र.सं. | विद्यालय तह | विद्यालय संख्या |
|---|---|---|
| १ | सामुदायिक विद्यालय (१ नमुना विद्यालय समेत ) | १८ |
| २ | मदरसा विद्यालय | ३ |
| ३ | सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय | १ |
| ४ | संस्थागत विद्यालय | १८ |
| ५ | सामुदायिक सिकाइ केन्द्र | १ |
| ६ | बाल विकास केन्द्र | ४३ |
| ७ | प्राविधिक विश्वविद्यालय | १ |

**भौतिक तथा पूर्वाधारहरुको अवस्था**

- केहि सामुदायिक विद्यालयहरु बाहेक धेरैजसो विद्यालयको भौतिक अवस्था सन्तोष जनक नरहेको
- यस गाउँपालिका अन्तर्गत सञ्चालित ६ वटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला रहेको
- सवै माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्यावको व्यवस्था
- सवै माध्यमिक विद्यालयमा सानो ठूलो आकारमा पुस्तकालयको व्यवस्थापन गरिएको,

जीत नारायण थापा मगर
अध्यक्ष

● प्रस्तावित नमुना विद्यालयमा स्कुल बसको व्यवस्था भएपनि अरु सामुदायिक विद्यालयहरुमा स्कुल बसको व्यवस्था नभएको ।

● सबै सामुदायिक विद्यालयका कक्षा १-५ मा बुक कर्नरको व्यवस्था भएको ।
प्रस्तावित नमुना विद्यालय नरग्राम माविमा भौतिक निर्माणका कार्यहरु सन्चालनमा रहेको साथै शैक्षिक तथा व्यवस्थापकीय कार्यहरु सन्चालनमा रहेको,

यस गाउँपालिकाको शैक्षिक सत्र २०७९ को शैक्षिक सूचकहरु तपसिल बमोजिम रहेको छ ।

| क्रसं | शिक्षा योजनाको सुरूवाती विन्दुमा | राष्ट्रिय | बुढीगंगा गाउँपालिका |
|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ८६.२ | ७८ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६८.६ | ७० |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९६.९ | ९९.१ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२१.९ | १६१ |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९७.१ | ९७ |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११९.२ | १०५.६ |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.०६ | १.०५५ |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९३.४ | ९० |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११०.४ | १२७ |
| २.८ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर* (%) | ७२.७ | ८२.१ |
| २.९ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | १.०८ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क

जीत नारायण थापा मगर
अध्यक्ष

## १.२ सवल पक्षहरु

१. भौगोलिक हिसाबले सानो क्षेत्र, थोरै सामुदायिक विद्यालय र सबै वडामा यातायतको पूर्वाधार विकास भएकाले सबै क्षेत्रमा सहज पहुँच पुर्याउन सकिने ।

२ जनप्रतिनिधिहरु सबैमा गुणस्तरीय शिक्षा प्रति सकारात्मक धारणा रहेको ।

३ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरुमा सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्ने कुरामा एकमत रहेको ।

४ अभिभावकहरुमा सचेतनाको विकास भएको ।

५ संघ प्रदेश र स्थानीय तह वीच सहकार्य गरेर काम गर्न सकिने वातावरण तयार भएको।

## १.३मुख्य समस्याहरु

१ विद्यालय शिक्षामा सवै वालवालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु,

२ पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरु हासिल गर्न नसक्नु,

३ वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु,

४ स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,

५ विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी नहुनु,

६ शिक्षामा सुचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,

७ साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु,

८ वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,

९ उपर्युक्त भौतिक पुर्वाधारको विकास गर्न नसक्नु

## १.४ चुनौतीहरु

१. गुणस्तरीय शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

२. विद्यालय नक्साङ्कन तथा समायोजन गर्नु,

३. विद्यालय शिक्षक दरवन्दी व्यवस्थापन गर्नु,

४. निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु,

५. पाठ्यक्रम पाठ्यपुस्तक तथा मुल्याकंन प्रणालीमा सुधार गर्नु,

६. शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,

७. विपत व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु,

८. जीवनपर्यन्त सिकाइका अवसरहरु सुनिश्चित गर्नु,

९. उपर्युक्त भौतिक पुर्वाधारको निर्माण गर्नु,

जीत नारायण थापा मगर
अध्यक्ष

१०. विद्यालय शिक्षामा सुशासन कायम गर्नु

## १.५ अवसरहरु

१ संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,

२ तीन तहको सरकारहरु बीच समन्वय, सहकार्य र जिम्मेवारी पुरा गर्न सकिने अधिकार हुनु,

३ शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,

४ स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गर्नु,

५ तीनवटै सरकार तथा अन्य संघसंस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,

६ सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

७ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु,

८ वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु

जीत नारायण थापा मगर
अध्यक्ष

## परिच्छेद २ लक्ष्य निर्धारण

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल

२.१ दूरदृष्टि

**गुणस्तरीय, प्रविधिमैत्री , प्रतिस्पर्धी र रोजगारमुखी शिक्षा, बुढीगंगाको इच्छा**

२.२ लक्ष्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय, प्रविधि मैत्री र रोजगारमुखी शिक्षा प्रदान गरी सक्षम र प्रतिस्पर्धी जनशक्ति निर्माण गर्ने ।

## २.३ उदेश्य

१ विद्यालय शिक्षामा सबै वालवालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्नु

२ पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरु हासिल गर्नु

३ वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार गर्नु,

४ स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु

५ विषयगत रुपमा र कक्षाग तरुपमा शिक्षकहरुको दरवन्दीको व्यवस्था गर्नु

६ शिक्षामा सुचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याइ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु

७ साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउनु

८ बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु

९ सबै विद्यालयमा उपर्युक्त भौतिक पुर्वाधारको विकास गर्नु

## २.४ रणनीति

१ विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु सन्चालन गर्ने

२ सबै विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्थापनका लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट लगानी गर्ने

३ पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउन शिक्षकलाई प्रोत्साहनमूलक कार्यक्रमहरु सन्चालन गर्ने

४ तोकिएको सिकाइ उपलब्धिको सुनिश्चितताको लागि अनिवार्य रुपमा शिक्षकको कार्यसम्पादन करार गर्ने

५ बालबालिकाहरुले बालमैत्री वातावरणमा सिक्न पाउने अधिकारहरुको सुनिश्चितता गर्ने

६ बालबालिकालाई द्वन्द र भयरहित वातावरणमा सिक्न पाउने अवस्थाको सुनिश्चितता गर्ने

७ कक्षा १ देखि ८ सम्म कै लागि यहि वर्ष अनिवार्य रुपमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने

जीत नारायण थापा मगर
अध्यक्ष

८ स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्य सामग्रीको तथा पाठ्यपुस्तकको विकास गर्ने

९सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्न दरबन्दी व्यवस्थापन गर्ने

१० विषयगत दरबन्दी नपुगेका विद्यालयमा गाउँपालिकाको आन्तरिक स्रोतबाट विषयगत दरबन्दी सिर्जना गरी शिक्षक उपलब्ध गराउने

११ शिक्षामा सुचना तथा सन्चार प्रविधिको प्रयोगको सुनिश्चितताका लागि आवश्यक कार्यक्रमको व्यवस्थापनका लागि उचित प्रवन्ध गर्ने

१२ शिक्षकलाई प्रविधि मैत्री बनाउन आवश्यक प्रवन्ध मिलाउने

१३ निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई उत्तरदायि बनाउने ।

१४ विद्यालयहरुमा उपयुक्त भौतिक पुर्वाधारहरको विकास गरी सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गर्ने ।

कार्यनीति

१. शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न निशुल्क पाठ्यपुस्तक, अंग्रेजी माध्यमका पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, गाउँपालिकास्तरबाट अनिवार्य पोषाकको व्यवस्था र पोषाकमा एकरुपता,दिवा खाजाका कार्यक्रम सन्चालन गरिनेछ ।

२. बालबालिकालाई विद्यालयमा भर्ना गर्न अभिभावक शिक्षा सन्चालन गरी एउटा वच्चा भर्ना मेरो सामाजिक दायित्व अभियान सन्चालन गरिनेछ ।

३. विद्यालयमा अभिभावकको सक्रियता वढाइ शैक्षिक गुणस्तर कायम गर्न प्रत्येक विद्यालयमा अभिभावक कार्डको प्रयोग गरिनेछ ।

६ गाउँपालिका भित्र सन्चालनमा रहेको विद्यार्थी संख्या उल्लेख्य भएको सरस्वती माध्यमिक विद्यालय बुढीगंगा-६ लाई उच्च शिक्षाको लागि सामुदायिक क्याम्पसको रुपमा विकास गरिनेछ ।

७ सामुदायिक माध्यमिक विद्यालयहरुमा स्कुल बसको व्यवस्थालाई क्रमिक रुपमा लागु गरिदै लगिनेछ ।

८ गाउँपालिका भित्रका सबै विद्यालयहरुमा आपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि वैकल्पिक योजनाहरुको कार्यान्वयन गरि बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनेछ ।

९ वडा तथा पालिकास्तरमा सतप्रतिशत विद्यालय पहुँच कार्यक्रम संचालन गरिनेछ।

१०पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराइ उत्कृष्ट उपलब्धि प्राप्त गराउने शिक्षकलाई बार्षिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

११ गाउँपालिका भित्रका सबै विद्यालयहरुलाई बन्द हड्ताल र जस्तोसुकै परिस्थितिमा पनि बन्द नगरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितताका लागि विद्यायल शान्ति क्षेत्रको रुपमा विकास गरिनेछ ।

१२ कार्य सम्पादन सम्झौतामा उल्लेखित परिणाम हासिल नगर्ने प्रधानाध्यापक तथा शिक्षकलाई सो विद्यालयबाट अन्यन्त्र सरुवा गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

१३ सिकाइ उपलब्धि बृद्धिको लागि शिक्षकलाई मागमा आधारित तालिम सन्चालन गरिनेछ ।

१४ विद्यार्थीहरुलाई सिकाइ क्रियाकलापमा अधिकतम सहभागी गराउन अतिरिक्त कक्षा सन्चालनको व्यवस्था मिलाइनेछ ।

१५ विद्यार्थीहरुलाई कक्षाकोठामा टिकाइ राख्न प्रसस्त मात्रामा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगको व्यवस्था मिलाइनेछ साथै नेपाल सरकारले घोषणा गरेका सार्वजनिक विदाका दिनमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित नो कष्ट एण्ड लो कष्ट शैक्षिक सामग्री निर्माण गरी प्रत्येक विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना गरिनेछ ।

१६ शैक्षिक सत्र २०८० बाट प्रत्येक विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षले गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख सँग कार्यसम्पादन करार गरिनेछ भने सबै शिक्षकहरुले प्रधानाध्यापक तथा विव्यस अध्यक्ष सँग करार सम्झौता गरिनेछ ।

१७ शैक्षिक सत्र २०८० बाट २ वटा सामुदायिक विद्यालयलाई पूर्ण बालमैत्री, अपागंतामैत्री विद्यालय निर्माण गरी बालविकास कक्षालाई मनोबैज्ञानिक विधिबाट मन्टेश्वरी कक्षा सन्चालन गर्दै लैजाने र २०९० सम्ममा सबै विद्यालयलाई सोही अबधारणाबाट अगाडि बढाउँदै लैजाने कार्यक्रमहरु सन्चालन गर्दै लगिनेछ ।

१८ सबै सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गरी उक्त नर्सले नजिकको आधारभूत विद्यालय समेत हेर्ने गरी सबै विद्यार्थीको स्वास्थ्य र पोषणमा सुधार गरिने छ ।

१९ विद्यार्थीहरुमा काम र सिपको सम्मानको भावना विकास गर्न सिकाइलाई सिपसँग जोड्दै लैजानका लागि माध्यमिक विद्यालयहरुमा प्राविधिक धार सन्चालन हुँदै आएका विद्यालयलाई अझ व्यवस्थित गर्दै लगिनेछ भने पढ्दै कमाउँदै कार्यक्रमलाई क्रमिक रुपमा सबै माध्यमिक विद्यालयमा क्रमिक रुपमा अगाडि बढाइनेछ ।

२० प्रत्येक सामुदायिक विद्यालयहरुलाई फुलबारी व्यवस्थापन सहित हरित विद्यालयको रुपमा विकास गरिनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

२१ प्रत्येक विद्यालयले प्रत्येक हप्ताको शुक्रबार आधा समयपछि अनिवार्य रुपमा अतिरिक्त क्रियाकलाप सन्चालन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

२२ गाउँपालिकाबाट प्रत्येक वर्ष विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका लागि विभिन्न विधामा गाउँपालिस्तरीय प्रतिभा पहिचान कार्यक्रम सन्चालन गर्दै लगिनेछ ।

२३ निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई उत्तरदायी बनाइनेछ।

२४गाउँ शिक्षा समितिको मातहतमा रहने गरी प्रत्येक विषयका विषयगत समितिहरु निर्माण गरी विद्यालयहरुमा घुम्ति नमुना शिक्षण तथा अनुगमनको व्यवस्था मिलाइनेछ ।

२५ शिक्षकको पेशागत सहयोगका लागि पालिका स्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित घुम्ति शिक्षण कार्यक्रम लागू गरिनेछ ।

२६ विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप सन्चालनका लागि सिकाइ वातावरण सुनिश्चित गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागू गरिनेछ ।

२७ आवश्यकता अनुसार दरबन्दी मिलान गरी शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम प्रअ व्यवस्थापन गरी प्रधानाध्यापकलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताको रुपमा विकास गर्दै लगिनेछ ।

२८ कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तर्क्रिया बढाउनका लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय TST लाई थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याइनेछ ।

२९ विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई दुरीको हिसाबले नजिकको विद्यालयमा समायोजन गरी क्रमश ठूलो विद्यालयको रुपमा विकास गरिनेछ ।

३० प्र.अ लाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकी कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको व्यवस्था गरिनेछ।

३१ संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा पालिकाको नेतृत्वमा विद्यालयहरुको भौतिक,आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर प्रवर्धन गरिनेछ ।

३२ प्रसुति विदामा बसेका महिला शिक्षकको अभाव परिपूर्ति गर्न ३ महिनाका लागि वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

३३ प्रत्येक वर्ष अन्तर्राष्ट्रिय साक्षरता तथा राष्ट्रिय शिक्षा दिवस र बालदिवसको अवसर पारेर सबै विद्यालयका विद्यार्थीवीच प्रतिस्पर्धात्मक कार्यक्रम तथा शिक्षा क्षेत्रमा योगदान पुर्याउने शिक्षाप्रेमीहरुलाई सम्मान गरिनेछ ।

३४ सबै विद्यालयहरुमा विद्यार्थीहरुलाई आकर्षण गर्दै देश र विदेशमा समेत प्रतिस्पर्धा गर्न सक्ने नागरिक उत्पादन गर्न सबै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्दै लैजाने व्यवस्थाका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३५ शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी वनाउन सबै कक्षामा सूचना प्रविधिको प्रयोगबाट पठनपाठन गर्ने व्यवस्थाका लागि एक शिक्षक एक ल्याप्टप कार्यक्रमलाई क्रमिक रुपमा अगाडि बढाइनेछ ।

३६ सबै विद्यालयहरुमा कक्षा ६ देखि कम्प्युटर विषयलाई अतिरिक्त विषयको रुपमा अध्यापन गराइनेछ ।त्यसका लागि गाउँपालिकाबाट माध्यमिक तथा आधारभूत विद्यालयलाई १ कम्प्युटर शिक्षकको व्यवस्थापन गरिनेछ ।

३७ विद्यालयको सुरक्षा तथा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन सबै सामुदायिक माध्यमिक विद्यालयमा सिसि क्यामरा जडान गरी गाउँपालिका शिक्षाशाखाबाट अनुगमनको व्यवस्था मिलाइनेछ ।

३८ शैक्षिक सत्र २०८० बाट दुई माध्यमिक विद्यालयमा अनुशासन शिक्षक राखे व्यवस्था मिलाइनेछ भने क्रमश २०९० सम्ममा सबै माध्यमिक विद्यालयहरुमा अनुशासन शिक्षकको व्यवस्थापन गरिदै लगिनेछ ।

३९ गाउँपालिकाको छविलाई राष्ट्रमाझ पुर्याउने उद्देश्यका साथ गाउँपालिका अन्तर्गतका माध्यमिक तहका विद्यार्थीलाई प्रशिक्षण गराउन खेल तथा संगित प्रशिक्षकको व्यवस्थापन गरिनेछ भने संघ प्रदेश र स्थानीय तहको साझेदारीमा गाउँपालिका स्तरमा खेलकुदका लागि छुट्टै संरचना तयार गरिनेछ ।

४० कक्षा ११-१२ सन्चालनमा रहेका तर दरबन्दी शुन्य रहेका २ वटा माध्यमिक विद्यालयहरुमा २ जना शिक्षकको व्यवस्थापनका लागि गाउँपालिकाबाट अनुदान उपलब्ध गराइनेछ ।

४१ प्रत्येक माध्यमिक विद्यालयले सबै आधारभूत विद्यालयलाई समेटी प्रत्येक वर्षमा कम्तिमा १ पटक बृहत अतिरिक्त क्रियाकलाप सन्चालन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ

४२ गाउँकार्यपालिकाले स्वीकृत गरेको बुढीगंगाको सेरोफेरो स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ । त्यसका लागि उपयुक्त पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विकास तथा व्यवस्थापन गरिनेछ ।

४३ विद्यालय व्यवस्थापन, सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति गराइनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

४४ सबै विद्यालयहरुमा सुविधायुक्त खानेपानी, शौचालय तथा खेल सामग्रीको व्यवस्थापन गरिनेछ ।

४५ गाउँपालिका भित्र सन्चालित सामुदायिक माध्यमिक विद्यालयहरुलाई प्रत्येक वर्ष नमुना विद्यालयको अवधारणाबमोजिम भौतिक पूर्वाधारले सम्पन्न बनाउँदै जिल्लाकै उत्कृष्ट विद्यालयको रुपमा अगाडि बढाउदै लगिनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

२.६ अपेक्षित उपलब्धि

१ विद्यालय शिक्षामा सबै वालवालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता भएको हुनेछ

२ पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरु हासिल भएको हुनेछ

३ वालमैत्रीविद्यालयनिर्माणगरीसिकाइवातावरणमासुधारभएको हुनेछ

४ स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ

५ विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दीको व्यवस्था भएको हुनेछ

६ शिक्षामा सुचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याइ प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ

७ साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध भएको हुनेछ

८ बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ

९ सबै विद्यालयमा उपर्युक्त भौतिक पुर्वाधारको विकास भएको हुनेछ

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८० | २०८५ | २०९० | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ७८ | ८१ | ८६ | ९२ | | |
| | | | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७० | ७५ | ८७ | ९७ | | |
| | | | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९९.१ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १६१ | १५५ | १३० | ११० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९७ | ९८ | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १४८ | १४० | १२० | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९० | ९२ | ९६ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०५ | | | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९० | ९३ | ९७ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२७ | १२० | | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.९ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०८ | | | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| ३. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ३.१ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७५.९ | ७७ | ८५ | ९४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४. | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ३.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ३.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ३.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ३.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ३.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. शिक्षामा लगानी | | | | | | | | |
| ४.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ४.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १८ | २१ | २४ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ४.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ११ | १५ | १७ | | | |
| | | प्रदेश | ११ | १५ | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

## परिच्छेद ३ विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

### ३.१ बालविकास र शिक्षा

#### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्ने तथा आधारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने कार्यक्रम हो । सर्वाङ्गीण विकासअन्तर्गत बालबालिकाहरूकोशारीरिक,मानसिकतथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकाका उल्लिखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ (राष्ट्रिय योजना आयोग, २०७७) ले जन्मदेखि ८ वर्षको प्रारम्भिक बालविकासको अवधिलाई दुई वर्षसम्म, २-४ वर्ष र ४-८ वर्ष गरी तीन समूहमा बाँडेर तीन किसिमका कार्यक्रमहरू प्रस्ताव गरेअनुसार ४-८ वर्षका विकास तथा सिकाइसम्बन्धी कार्यक्रमलाई शिक्षा क्षेत्रमा समावेश गरेको छ । नेपालमा बालबालिकाहरू पाँच वर्ष उमेरमा कक्षा १ मा भर्ना हुने भएकाले यस प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिले पनि ४ वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गर्नुपर्ने देखाएको छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

### ३.१.२ वर्तमान अवस्था

बुढीगंगा गाउँपालिकामा हाल विद्यालयमा आधारित ३८ र समुदायमा आधारित ५ गरी जम्मा ४३ वटा बालविकास केन्द्र सन्चालनमा रहेका छन् । हाल बालविकास केन्द्रमा जम्मा ८५० जना बालबालिकाहरु भर्ना भइ अध्ययनरत छन् । गाउँपालिकाको प्रारम्भिक बाल विकासको सहजै देखिने भर्नादर ७८ प्रतिशत रहेको छ भने कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना दर ७०.८ प्रतिशत रहेको छ ।प्रारम्भिक बाल विकास केन्द्रमा सबै महिला शिक्षकहरु रहेका छन् ।गाउँपालिकामा अधिकांश मात्रामा मुसहर, ऋषिदेव तथा थारु समुदायको बाहुल्यता रहेको र अभिभावकहरु रोजगारीका लागि तल्लिन हुनुपर्ने भएकाले बालवालिकाहरुलाई विद्यालय सम्म पुर्याउन पनि कठिन अवस्था रहेको छ ।सबै बालविकास केन्द्रलाई बालमैत्री अवधारणा अनुसार विकास गरी सबै वच्चालाई विद्यालयको पहुँचमा ल्याइ गुणस्तरमा सुधार गर्नु आजको आवश्यकता रहेको छ ।

### ३.१.३ उद्देश्यः

१. प्रारम्भिक बालविकास शिक्षामा पहुँचसुनिश्चित गर्नु।

२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।

### ३.१.४ रणनीतिहरू

१. सबै बालबालिकाको वालविकासमा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।

२. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार विद्यार्थी संख्याका आधारमा विद्यालयहरुमा बालविकास केन्द्र स्थानान्तरण गर्ने ।

३. विभिन्न लोपोन्मुख तथा सिमान्तकृत तथा दलित समुदायका बालबालिकाका लागि विभिन्न नमूना कार्यक्रमहरु विकास गरी पहुँच सुनिश्चित गर्ने।

४. प्रारम्भिक वालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।

५. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

जीत नारायण थापा मगर
अध्यक्ष

६. नमुना वालविकास केन्द्रहरु स्थापना गर्ने ।

७. सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. वालकक्षा व्यवस्थापन, कक्षा सजावट, शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलापरलक्ष्य

**उपलब्धिः**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

**प्रमुख नतिजाः**

१. प्रारम्भिक बालविकास तथा शिक्षाको सहजै देखिन भर्नादर ९५ प्रतिशत पुगको हुनेछ ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर ९० प्रतिशत पुगेको हुनेछ ।

३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन ।

४ ९० प्रतिशत सहयोगी कार्यकर्ताहरुले तालिम प्राप्त गरेका हुनेछन् ।

४. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएका हुनेछन।

### प्रमुखक्रियाकलापहरुरलक्ष्य निर्धारण

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिकबालविकासतथाशिक्षाकान्यूनतम मापदण्डको प्रबोधिकरण | जना | २० | २० | २० | २० | २० | १०० | | |
| ३ | बैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | जना | २५ | २ ५ | २५ | २ ५ | २५ | १२५ | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | परिवार, समुदाय, गैरसरकारीसंघसंस्था, निजी क्षेत्र सँगको सहकार्य | | | | | | | | | |
| ५ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | | | | | | | | | |
| ६ | बालबालिकाको अभिलेखीकरण | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि बैयक्तिक परिवार सेवा योजना | जना | | | | | | | | |
| ८ | पोषणयुक्त दिवाखाजाको व्यवस्था | | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | | |
| ९ | वालविकासको पाठ्यक्रम प्रबोधिकरण | जना | ४३ | | ४३ | | ४३ | ४३ | | |
| १० | पूर्वाधार, सिकाइक्षेत्र, केन्द्रकोभित्रीतथाबाहिरीसिकाइतथाखेलसामग्रीव्यवस्थापन | वटा | १० | ५ | १० | १० | ८ | ४३ | | |
| ११ | सहयोगी कार्यकर्ताहरुकोयोग्यतारक्षमताविकास | जना | ४३ | | ४३ | | ४३ | ४३ | | |
| १२ | बालबालिकाकोस्वास्थ्यजाँच, खोपतथास्वास्थ्यसम्बन्धीअभिलेखव्यवस्थापन, वृद्धिअनुगमनगर्नेरकुपोषणभएकाबालबालिकाकोआवश्यकप्रबन्धगर्ने | | | | | | | | | |
| १३ | स्थानीयभाषालाईप्राथमिकतादिईआवश्यकताअनुसारस्थानीयभाषाकोप्रयोग | वटा | १० | ५ | १० | १० | ८ | ४३ | | |
| १४ | अभिभावकशिक्षा | जना | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| १५ | अभिभावकतथासमुदायकासदस्यमार्फतस्थानीयज्ञानतथासिपहरूबालबालिकालाईसिकाउनेव्यवस्था | जना | | | | | | | | |

गाउँपालिका, गाउँपालिकाको कार्यालय, मोरङ, कोशी प्रदेश, नेपाल

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | बालबालिकाकोशारीरिक, सामाजिक, मानसिकतथाभावनात्मकसुरक्षातथाआवश्यकताअनुसारमनोसामाजिकपरामर्शउपलब्ध गराउने | वटा | १० | ५ | १० | १० | ८ | ४३ | | |
| १७ | परिवार, समुदाय, निजीक्षेत्रतथागैरसरकारीसंघसंस्थाहरूकोसहभागिता, संलग्नतारजिम्मेवारीवृद्धि | | | | | | | | | |
| १८ | शैक्षिकसूचनाव्यवस्थापनप्रणालीमा वालविकासको तथ्यांक व्यस्थापन गर्ने | | | | | | | | | |
| १९ | सहयोगी (आया) कोव्यवस्था | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार नेपालमा प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवन यापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ । यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ।

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा लिई यो तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेकोले आधारभूत शिक्षामा समता मूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन,२०७५ले आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

जीत नारायण थापा मगर
अध्यक्ष

### ३.२.२ वर्तमान अवस्थाः

गाउँपालिकामा आधारभूत तह कक्षा १-८ सम्म सन्चालन भएका विद्यालयहरु सामुदायिक तर्फ २२ वटा र संस्थागत तर्फ १८ वटा गरी जम्मा ४० वटा सन्चालनमा रहेका छन् । आधारभूत तह तर्फ कक्षा १ -५ मा कक्षा छाड्ने दर २.५ प्रतिशत ,कक्षा ६-८ मा ३.५ प्रतिशत र कक्षा ९-१० मा ३.१प्रतिशत रहेको छ ।त्यसैगरी कक्षा दोहोर्याउने दर  कक्षा १-५ मा १५.५, प्रतिशत कक्षा ६-८ मा २.७ प्रतिशत र कक्षा ९-१० मा ५.६प्रतिशत रहेको छ ।माथिको अवस्थालाई अध्ययन गर्दा कक्षा १-५ मा कक्षा दोहोर्याउने दर सबैभन्दा बढी रहेको छ ।त्यसै गरी कक्षा १-५ मा सहजै देखिने भर्ना दर १४८.४ प्रतिशत, कक्षा ६-८ मा १०५.६ प्रतिशत र कक्षा १-८ मा १२७ प्रतिशत रहेको छ ।यसरी हेर्दा आधारभूत तह कक्षा १-५ मा सहजै देखिने भर्नादर सबैभन्दा बढी रहेको छ ।त्यसैगरी कक्षा १-५ को खुद भर्ना दर ९७ प्रतिशत, कक्षा ६-८ मा ८४ प्रतिशत र कक्षा १-८ मा ९० प्रतिशत रहेको छ ।

यसरी हेर्दा आधारभूत तहको कक्षा ६-८ मा खुद भर्नादर सबैभन्दा कम रहेको छ ।आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क हुने संवैधानिक प्रावधान बमोजिम सम्वन्धित उमेर समूहका सबै बालबालिकालाई आधारभूत तहमा पहुँच सुनिश्चित गर्नु र गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको प्रमुख आवश्यकता रहेको छ । यसका लागि आधारभूत तहको सिकाइ बातावरणमा सुधार गरी बालमैत्री सिकाइ सहजीकरण गरी गुणस्तरीय र समावेशी वातावरण निर्माण गर्नु पनि आजको आवश्यकता रहेको छ ।

### ३.२.३ उद्देश्यहरुः

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुनेगरी शैक्षिक गुणस्तर निश्चितगर्नु
३. आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइ मैत्री, समावेशी र सुरक्षित बनाउनु ।

जीत नारायण थापा मगर
अध्यक्ष

३.२.४रणनीतिहरू

१. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।

२. बालबालिकाहरुको शिक्षामा पँहुच अभिवृद्धि गर्नको लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने।

४. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।

५. विद्यालयहरूमा खानेपानी शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

६. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।

७. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने।

८. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।

९. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहन का कार्यक्रम सञ्चालन गर्ने ।

१०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधारल्याउने ।

११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।

१३. विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।

१४. विद्यालय शिक्षालाई प्रकोप , संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

जीत नारायण थापा मगर
अध्यक्ष

१५. विद्यालय शिक्षालाई सूचना तथाप्र विधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तारगर्ने ।

१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने

१७. अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलापरलक्ष्य निर्धारण

**उपलब्धिहरु**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

**नतिजाहरुः**

१. आधारभुत तहको खुद भर्नादर ९८ प्रतिशत पुगेको हुनेछ ।

२. सबै विद्यालयहरुमा प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा भएको हुनेछ ।

३. विद्यार्थीहरुको औषत सिकाइ उपलब्धि पुगेको हुनेछ ।

४. आवश्यक संख्यामा योग्य शिक्षकको व्यवस्था भएको हुनेछ ।

५. विद्यालयहरुमा बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ ।

६. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुनेछ ।

७. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोगपुगेको हुनेछ ।

**प्रमुखक्रियाकलापहरुरलक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयनक्शाङ्कन, पुनर्वितरणतथासमायोजन | पटक | १ | | | | | १ | | |
| २ | मापदण्डअनुसारशिक्षकव्यवस्था | संख्या | १<br>२ | १<br>२ | १<br>२ | १<br>२ | १<br>२ | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सबैबालबालिकालाईविद्यालयभर्ना | पटक | १ | १ | १ | १ | १ | | | |
| ४ | विद्यालयकोन्यूनतमभौतिकपुर्वाधारविकास | पटक | २ | २ | २ | २ | २ | | | |
| ५ | विद्यार्थीकोसिकाइउपलब्धिपरीक्षण | पटक | १ | १ | १ | १ | १ | | | |
| ६ | शिक्षकक्षमताविकास | पटक | १ | | १ | | १ | | | |
| ७ | विद्यालयउत्थानशीलयोजनानिर्माणतथाकार्यान्वयन | पटक | १ | | | | | | | |
| ८ | सूचनाप्रविधिकोप्रयोगकालागिआवश्यकसंरचना, सामग्रीतथाक्षमताविकास | पटक | १ | १ | १ | १ | १ | | | |
| ९ | शिक्षकविकासतथासहायताप्रणालीकोपुनर्संरचना | | | | | | | | | |
| १० | विद्यालयपोषणतथास्वास्थ्यकार्यक्रमरदिवाखाजाकोप्रबन्ध | निरन्तर | | | | | | | | |
| ११ | अपाङ्गताभएकाविद्यार्थीलाईसहयोग | निरन्तर | | | | | | | | |
| १२ | पाठ्यपुस्तकव्यवस्था | निरन्तर | | | | | | | | |
| १३ | सन्दर्भसामग्रीकोव्यवस्था | | | | | | | | | |
| १४ | विपन्नकालागिड्रेस, स्टेशनरीकालागिछात्रबृत्ति | पटक | १ | १ | १ | १ | १ | | | |
| १५ | सिकाइसामग्रीतथाविद्यालयव्यवस्थापन | निरन्तर | | | | | | | | |
| १६ | निरन्तर विद्यार्थी मूल्याकंन प्रणालि कार्यान्वयन | निरन्तर | | | | | | | | |
| १७ | शैक्षिकमानवसंशाधनसूचनाप्रणालीस्थापना | | | | | | | | | |
| १८ | विव्यस, शिअसंकापदाधिकारीहरूकोक्षमताविकास | पटक | १ | | १ | | १ | | | |
| १९ | अभिभावकशिक्षा कार्यक्रम | पटक | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१परिचय

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरी आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ ।माध्यमिक तहमा साधारण र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षाअन्तर्गत कक्षा ९-१२ मा सञ्चालित प्रविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इञ्जिनियरिङ, सिभिल इञ्जिनियरिङ, इलेक्ट्रिकल इञ्जिनियरिङ र सङ्गीत गरी छ विषय क्षेत्र रहेका छन् ।

### ३.३.२वर्तमानअवस्था

गाउँपालिकामा माध्यमिक तह सन्चालित विद्यालयहरु सामुदायिक तर्फ ६ वटा र संस्थागत तर्फ ७ वटा गरी जम्मा १३ वटा सन्चालनमा रहेका छन् । माध्यमिक तह कक्षा ९-१० को सहजै देखिने भर्ना दर ११७ प्रतिशत र खुद भर्ना दर ८४.९ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कलाई हेर्दा अझै पनि माध्यमिक तहमा १५ प्रतिशत बालबालिकाहरु विद्यालयको पहुँच भन्दा बाहिर रहेका छन् ।५ वटा माध्यमिक विद्यालयमा विषयगत शिक्षक दरबन्दीको अभाव छ भने तल्लो तहका शिक्षकहरुबाट माथिल्लो तहसम्म अध्यापन गराउनु पर्ने बाध्यात्मक परिस्थितिबाट गाउँपालिका गुज्रीरहेको छ ।माध्यमिक तह उमेर समूहका बालबालिकाहरु रोजगारीको खोजीमा विभिन्न उद्योग कलकारखानामा काम गर्न जाने हुँदा उनीहरुको शिक्षामा सहज पहुँच पर्याउन सकिएको छैन भने माध्यमिक शिक्षा परीक्षाको नतिजा पनि सन्तोषजनक रहेको छैन ।अधिकांश अभिभावकहरु आफ्नै काम धन्दामा व्यस्त भइ विद्यालयमा सहभागिता जनाउन सकिरहेको अवस्था छैन ।कोभिड १९ को विश्वव्यापी महामारीबाट शिथिल भएको शिक्षा क्षेत्र र त्यसमध्ये पनि माध्यमिक तह कक्षा ९-१२ को निरासाजनक अवस्थाबाट गाउँपालिकाको स्थिति सुधार गरी

जीत नारायण थापा मगर
अध्यक्ष

गुणस्तरीय र रोजगारमुखी माध्यमिक शिक्षाको व्यवस्थापन गर्नु गाउँपालिकाको प्रमुख आवश्यकता रहेको छ ।

### ३.३.३ उद्देश्यहरु

१. माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइ मैत्री,समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.४रणनीतिहरू

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण,समायोजन तथा स्थापना गर्ने ।

२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्ने

३. विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।

५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।

६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।

१०. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने।

११. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने।

जीत नारायण थापा मगर
अध्यक्ष

१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।

१३. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

**३.३.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलापरलक्ष्य निर्धारणः**

**उपलब्धिः**

क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**प्रमुखनतिजाः**

१. सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउदरमा वृद्धि हुनेछ ।

२. माध्यमिक तहको सिकाइ उपलब्धी उच्च तहमा पुगेको हुनेछ ।

३. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेका हुनेछन् ।

४. माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्

५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।

६. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ।

७. माध्यमिक तहको शिक्षामा सुशासन कायमभै गुणस्तरीय शिक्षा प्रवाह हुनेछ ।

**प्रमुखक्रियाकलापहरुरलक्ष्य निर्धारणः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निः शुल्कमाध्यमिकशिक्षाकालागिआवश्यककानून ,कार्यविधिरनिर्देशिकाको प्रबोधिकरण | पटक | १ | | | | | | | |
| २ | विद्यालयनक्शाङ्कन, पुनर्वितरणतथासमायोजन | | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विज्ञान, गणिततथाकम्प्यूटरविज्ञानविषयअध्ययनकालागिअवसर | निरन्तर | | | | | | | | |
| ४ | मापदण्डअनुसारशिक्षकव्यवस्था | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| ५ | सबैबालबालिकाकोपहुँचसुनिश्चितगर्ने | निरन्तर | | | | | | | | |
| ६ | आवश्यकताअनुसारखुलातथादूरशिक्षालगायतकाबैकल्पिकप्रबन्ध | निरन्तर | | | | | | | | |
| ७ | विद्यालयकोन्यूनतमभौतिकपुर्वाधारविकास | संख्या | २ | १ | १ | | | | | |
| ८ | विद्यार्थीकोसिकाइउपलब्धिपरीक्षण | पटक | १ | | | | | | | |
| ९ | शिक्षकक्षमताविकास | पटक | १ | | १ | | १ | | | |
| १० | विद्यालयउत्थानशीलयोजनानिर्माणतथाकार्यान्वयन | निरन्तर | | | | | | | | |
| ११ | सूचनाप्रविधिकोप्रयोगकालागिआवश्यकसंरचना, सामग्रीतथाक्षमताविकास | निरन्तर | | | | | | | | |
| १२ | शिक्षकसहायताप्रणालीकोपुनर्संरचना | निरन्तर | | | | | | | | |
| १३ | विद्यालयपोषणतथास्वास्थ्यकार्यक्रम | निरन्तर | | | | | | | | |
| १४ | अपाङ्गताभएकाविद्यार्थीलाईसहयोग | निरन्तर | | | | | | | | |
| १५ | नि: शुल्कमाध्यमिकशिक्षासुनिश्चितताकालागिपाठ्यपुस्तक, पोषाकछात्रबृत्तिरसिकाइसामग्रीव्यवस्था | पटक | १ | १ | १ | १ | १ | | | |
| १६ | कक्षाकोठामाआधारितमूल्याङ्कन | निरन्तर | | | | | | | | |
| १७ | व्यवस्थितपरीक्षाप्रणाली | निरन्तर | | | | | | | | |
| १८ | शैक्षिकमानवसंशाधनसूचनाप्रणालीस्थापना | | | | | | | | | |
| १९ | विव्यस, शिअसंकापदाधिकारीहरूकोक्षमताविकास | पटक | १ | | १ | | १ | | | |
| २० | अभिभावकअभिमुखिकरणरसहभागिता | निरन्तर | | | | | | | | |
| २१ | | | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

### ३.४ पाठ्यक्रम र मूल्यांकन

### ३.४.१परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतित गर्न, रोजगारी प्राप्त गर्न,पेसा तथा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्रास हुनुपर्छ । फेरि पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकता सहित आत्मसात् गर्न,आफ्नो पहिचान प्रति गौरवभाव राख्दै विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न; आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन, र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना रहेको छ ।

विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणा बमोजिम अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ ।त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई

शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १० र ११/१२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, बैध र विश्वसनीय बनाउनु पर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ ।

सरकारले कक्षा १–१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन ।पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक लगायत केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेवसाइटमा राख्ने गरेको छ।

कोभिड–१९ को प्रभावले सिकाइमा भएको अवरोधले शिक्षण सिकाइ तथा मूल्याङ्कनमा अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको सन्दर्भमा डिजिटल सिकाइ सामग्रीको विकास तथा पहुँच बढाउनु आवश्यक देखिएको छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन आवश्यक छ ।

### ३.४.२वर्तमान अवस्था

गाउँपालिकाको सबै तहमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरिएको छ भने शैक्षिक सत्र २०७९ बाट सामुदायिक विद्यालयमा अभिभावकहरुमा बढ्दै गएको अंग्रेजी भाषा प्रतिको मोहलाई मध्यनजर गरी गाउँपालिकाले आफ्नो स्रोतबाट कक्षा १-५ सम्म थप पाठ्य सामग्रीको रुपमा ३ वटा अंग्रेजी माध्यमका पाठ्यपुस्तक पठनपाठनका लागि विद्यालयलाई उपलब्ध गराउन थालेको छ भने आगामी वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिने गाउँपालिकाको सोच रहेको छ ।गाउँपालिकाले शैक्षिक सत्र २०८० बाट लागू हुने गरी बुढीगंगाको सेरोफेरो स्थानीय पाठ्यक्रम कक्षा १-८ निर्माण गरी स्वीकृत समेत भइसकेको छ भने यसै शैक्षिक सत्रबाट कार्यान्वयन गरिने भएको छ भने आगामी वर्ष पाठ्यक्रम कार्यान्वयनको अवस्था हेरी क्रमश पाठ्यपुस्तक लेखन र छपाइको कार्य अगाडि बढाइने गाउँपालिकाको नीति तथा कार्यक्रम रहेको छ ।

### ३.४.३ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान,सिप र व्यवहार विकासमा सहजीकरण गर्नु।

२. निरन्तर,आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ३.४.४रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप२०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

जीत नारायण थापा मगर
अध्यक्ष

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भसामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।

६. माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने।

७. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ।

८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।

९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।

१०. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।

११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।

१२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरुः**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकरात्मक परिवर्तन भएको हुनेछ ।

२. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयनभै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

**प्रमुख नतिजाः**

१.पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनवाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

जीत नारायण थापा मगर
अध्यक्ष

प्रमुखक्रियाकलापहरु र लक्ष्य निर्धारणः

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम प्रबोधिकरण तालिम सञ्चालन | निरन्तर | | | | | | | | |
| २ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षकतालिम सञ्चालन | निरन्तर | | | | | | | | |
| ३ | शिक्षकपेसागतसहयोग | निरन्तर | | | | | | | | |
| ४ | कक्षाकोठामाआधारितविद्यार्थीमूल्याङ्कन | निरन्तर | | | | | | | | |
| ५ | आवधिकविद्यार्थीमूल्याङ्कन | निरन्तर | | | | | | | | |
| ६ | डिजिटलसामग्रीकोप्रयोग | निरन्तर | | | | | | | | |
| ७ | सूचनातथासञ्चारप्रविधिकोप्रयोग | निरन्तर | | | | | | | | |
| ८ | निःशुल्कपाठ्यपुस्तक | पटक | १ | १ | १ | १ | १ | | | |
| ९ | स्थानीयपाठ्यक्रमविकासतथाकार्यान्वयन | पटक | १ | | | | | | | |
| १० | सुपरिवेक्षणतथाअनुगमन | निरन्तर | | | | | | | | |
| ११ | परिक्षासञ्चालन | निरन्तर | | | | | | | | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

बालबालिकाहरूको भावी जीवनलाई निर्देश गर्न तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकास गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षकहरु परिवर्तनका बाहक हुने भएकाले सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा उनीहरूको ठूलो योगदान रहन्छ । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एकअर्काका पर्याय हुन् । यी सबै आकांक्षा पुरा गर्नका लागि शिक्षक योग्य,व्यावसायिक रूपमा दक्ष,पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । नेपालमा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (कक्षा ११ र १२) ले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा

जीत नारायण थापा मगर
अध्यक्ष

आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् ।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

### ३.५.२वर्तमान अवस्था

गाउँपालिकामा प्राथमिक तहको शिक्षक दरबन्दी १०९, निमा तहको २८ र माध्यमिक तहको २१ वटा मात्र दरबन्दी रहको छ ।प्राथमिक तहबाहेक सबै तहमा न्युनतम दरबन्दीको समेत अभाव रहेको छ ।निमा र माध्यमिक तहमा तल्ला तहका शिक्षकहरुले नै माथिल्लो तहमा समेत अध्यापन गराउनु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ ।विषयगत शिक्षकको अभावका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर पनि त्यति सन्तोष जनक भने देखिएको छैन ।त्यसैगरी गाउँपालिकाले शिक्षकलाई पेशागत सहयोगका लागि केहि कार्यक्रम गर्न नसकिरहेको अवस्थामा गत वर्षबाट माध्यमिक तहका विषयगत शिक्षकहरुबाट विद्यालयको अनुगमन सुपरीवेक्षण गरी शिक्षकको कक्षा अवलोकन समेत गरी शिक्षकलाई परेका कठिनाइ न्युनीकरण गरी उनीहरुलाई सिकाइ प्रक्रियामा उच्च मनोबलका साथ कक्षाकोठामा प्रवेश गर्ने वातावरण सिर्जना गर्न सहयोग गर्ने प्रयत्न गरिएको छ र यो कार्यलाई निरन्तरता दिने गाउँपालिकाको सोच रहेको छ ।त्यसैगरी आगामी आर्थिक वर्षबाट कक्षा -६ भन्दा माथि सन्चालन भएका सबै विद्यालयहरुमा कम्प्युटर विषयलाई अनिवार्य पठनपाठनको व्यवस्था मिलाउने र त्यसका लागि पालिकाबाट प्रत्येक विद्यालयमा १ कम्प्युटर शिक्षकको व्यवस्थापन गर्ने तथा न्युनतम दरबन्दी भन्दा कम दरबन्दी भएका विद्यालयलाई आवश्यकताको आधारमा थप दरबन्दी व्यवस्थापन समेत गर्नुपर्ने अवस्था रहेको छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

३.५.३ उद्देश्यहरु

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।

२. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

३.५.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

४. शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

६. शिक्षक तथा प्रधानाध्यापकको बृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

३.५.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप र लक्ष्य

उपलब्धिः

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

**प्रमुख नतिजाहरुः**

१. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुनेछन् ।

२. शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुनेछ ।

३. शिक्षकको बृत्ति विकासका लागि मापनयोग्य, पारदर्शी र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुनेछ ।

**प्रमुखक्रियाकलापहरु रलक्ष्य निर्धारणः**

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षकनियुक्तिरसरूवा | निरन्तर | | | | | | | | |
| २ | नियमितशिक्षणसिकाइसुनिश्चितगर्नमापदण्डकोविकासगर्ने | निरन्तर | | | | | | | | |
| ३ | कमजोरविद्यार्थीकालागिविशेषसहयोगीकक्षासञ्चालन गर्ने | निरन्तन | | | | | | | | |
| ४ | उपचारात्मकशिक्षणपद्धतिलागुगर्ने | निरन्तर | | | | | | | | |
| ५ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | निरन्तर | | | | | | | | |
| ६ | पुस्तकालयरपुस्तककुना | निरन्तर | | | | | | | | |
| ७ | सूचनाप्रविधिप्रयोगशाला | निरन्तर | | | | | | | | |
| ८ | विज्ञानप्रयोशाला | संख्या | १ | १ | १ | १ | १ | | | |
| ९ | प्राविधिकव्यावसायिकशिक्षाधारसञ्चालनभएकाविद्यालयमाप्रयोगशालाकोप्रबन्ध | निरन्तर | | | | | | | | |
| १० | शिक्षणतथासिकाइसामग्रीविकास | निरन्तर | | | | | | | | |
| ११ | ईन्टरनेटसेवाकोव्यवस्था | निरन्तर | | | | | | | | |
| १२ | शिक्षणसिकाइमासूचनातथासञ्चारप्रविधिकोप्रयोग | निरन्तर | | | | | | | | |
| १३ | निरन्तरविद्यार्थीमूल्याङ्कन | निरन्तर | | | | | | | | |
| १४ | परिक्षाकोनतिजाविश्लेषण | पटक | १ | १ | १ | १ | १ | | | |
| १५ | शिक्षकलेशिक्षणसिकाइक्रियाकलापमाविताउनेसमय वृद्धि | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विद्यालयमाआधारितसुपरिवेक्षणतथासहयोगकालागि क्षमताविकास | निरन्तर | | | | | | | | |
| १७ | शिक्षकपेसागतसहयोग | निरन्तर | | | | | | | | |
| १८ | असलअभ्यासकोअवलोकनभ्रमण | पटक | १ | | १ | | १ | | | |
| १९ | सिकाइआदानप्रदान, क्षमताविकास, प्रविधिहस्तान्तरणरज्ञानकोसञ्जालिकीकरण | निरन्तर | | | | | | | | |
| २० | विज्ञसमूहकोगठन | निरन्तर | | | | | | | | |
| २१ | सहपाठीकक्षाअवलोकन | निरन्तर | | | | | | | | |
| २२ | छोटोअवधिकोशिक्षकतालिम | पटक | १ | | १ | | १ | | | |
| २३ | विद्यालयतहमाशिक्षककोपेसागतविकास | निरन्तर | | | | | | | | |
| २४ | कार्यसम्पादनमूल्याङ्कन | निरन्तर | | | | | | | | |
| २५ | प्रधानाध्यापककोव्यवस्था | निरन्तर | | | | | | | | |
| २६ | शिक्षकदरबन्दीमिलानतथापुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | | | |

## ३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

### ३.६.१परिचय

सिकाइ औपचारिक तथा अनौपचारिक माध्यमबाट हुने गर्दछ । यो प्रक्रिया निरन्तर चलिरहन्छ । निरन्तर सिकाइबाट व्यक्तिले आवश्यकताअनुसार व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सिप तथा सक्षमताको विकास गर्दछ ।सिकाइ समय, विधि तथा माध्यमको सीमा नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकाले यसका लागि औपचारिक सिकाइ पद्धति मात्र पर्याप्त हुँदैन । औपचारिक शिक्षा प्रणालीको संरचनाबाहिर सङ्गठितविभिन्न किसिमका सिकाइ अवसरले आजीवन सिकाइलाई सहयोग गर्दछ भने व्यक्तिले आफ्नो परिवेशबाट प्राप्त अनुभव तथा सूचनाहरूबाट पनि सिकाइ गरिरहेको हुन्छ ।

आजीवन सिकाइका लागि निरक्षरका लागि साक्षरताको शिक्षा, साक्षरका लागि साक्षरोत्तर शिक्षा तथा विभिन्न किसिमका सिकाइ स्तरवृद्धिका कार्यक्रमहरू, विभिन्न पेसा तथा व्यवसायसम्बन्धी सिप इत्यादि उपयोगी हुन सक्दछन् भने स्वसिकाइका विभिन्न अवसर सिर्जना गर्नु पनि आवश्यक हुन्छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

३.६.२वर्तमान अवस्था

बुढीगंगा गाउँपालिकामा एउटा सामुदायिक सिकाइ केन्द्र सन्चालनमा रहेको छ । उक्त केन्द्रले विगतका दिनमा साक्षरताका तथा निरन्तर शिक्षाका कक्षाहरु सन्चालन गरेको थियो भने समूह गठन गर्ने तथा समूहका सदस्यहलाई सिड मनि उपलब्ध गराइ बचत बृद्धिका कार्यक्रम समेत सन्चालन गरेको थियो ।संघीयता कार्यान्वयन पश्चात सामुदायिक सिकाइ केन्द्रले नियमित आफ्नो कार्यालय सन्चालन गर्ने बाहेक त्यति सक्रिय रुपमा सन्चालनमा नभएकाले अवका दिनमा यस केन्द्रलाई अनौपचारिक तथा जीवन पर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने केन्द्रको रुपमा विकास गरी उत्कृष्ट कार्यसम्पादन गर्न सक्ने बनाउनु आजको आवश्यकता रहेको छ ।

३.६.३ उद्देश्यहरु:

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३.६.४ रणनीतिहरू

१. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।

२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी संघसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने।

३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।

जीत नारायण थापा मगर
अध्यक्ष

५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

उपलब्धिः

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।

प्रमुखनतिजाः

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने

२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने

३. सिकारूको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने

४. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एव प्रमाणीकरण गरी समकक्षता प्रदान हुने

६. अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी तथ्याङ्क अध्यावधिक हुने

जीत नारायण थापा मगर
अध्यक्ष

## प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटा वेस तयारी | पटक | १ | | | | | १ | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | | १ | १ | १ | १ | ४ | | |
| ३ | सामूदायिक सिकाइ केन्द्र सञ्चालन | निरन्तर | | | | | | | | |
| ४ | सामूदायिकसिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन | निरन्तर | | | | | | | | |
| ५ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | निरन्तर | | | | | | | | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | निरन्तर | | | | | | | | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | निरन्तर | | | | | | | | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | | | | | | | | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | | | | | | | | | |
| १० | संस्थागत प्रबन्ध | | | | | | | | | |
| ११ | अनौपचारिक प्रौढविद्यालय, खुलाविद्यालय, र धार्मीक प्रकृतिका विद्यालयहरूलाई अनुदान | निरन्तर | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

# परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

विभिन्न अन्तरसम्बन्धित विषयहरू (Cross-cutting Themes) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन्। शिक्षा योजनामा समता तथा समावेशिकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास, विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता अन्तरसम्बन्धित विषयहरू महत्त्वपूर्ण हुन्छन् । हुनत अघिल्लो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्षहरू केही हदसम्म उल्लेख भैसकेका छन्। तथापियी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिएकोछ । यसै सन्दर्भमा यस परिच्छेदमा केही मुख्यमुख्य अन्तरसम्बन्धित विषयहरूको वर्तमान अवस्थारती सम्बन्धमायस योजनाले समेट्नुपर्ने उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित उपलब्धि तथा नतिजा, नतिजा प्रासिका लागि प्रस्तावित क्रियाकलाप तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ ।यस परिच्छेदमा समावेश गरिएका अन्तरसम्बन्धित उपक्षेत्रहरुलाई पनि परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण जस्ता ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

### ४.१ शैक्षिक समता र समावेशीकरण

#### ४.१.१ परिचय

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ।

जीत नारायण थापा मगर
अध्यक्ष

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

समावेशी शिक्षा भन्नाले विभिन्न भाषा-भाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ। बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ ।

अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं पतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ ।

विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक-सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिंदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन् ।नेपाल सामाजिक–सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

### ४.१.२ वर्तमान अवस्था

बुढीगंगा गाउँपालिका अधिकांस थारु समुदायको बसोबास रहेको ठाउँ हो भने अन्य जातजातिमा ब्राम्हण, क्षेत्री, मगर, मुसहर र ऋषिदेव आदि समुदायको समेत बसोबास रहेको छ ।यस क्षेत्रका अधिकांस मानिसहरु नजिकैको उद्योगमा काम गर्ने र आफ्नो जीवन निर्वाह गर्ने गर्दछन् । त्यसै कारण यस क्षेत्रमा सबै बालबालिकालाई विद्यालयको पहुँचमा पुर्याउन जति कठिन छ त्यो भन्दा कठिन बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न र

जीत नारायण थापा मगर
अध्यक्ष

कक्षा छाड्ने दरमा कमी ल्याउन छ । गाउँपालिकाबाट लक्षित वर्गका छात्र छात्रा तथा अपाङ्गता भएका बालबालिकाहरुका लागि छात्रावृत्ति कार्यक्रमलाई निरन्तरता दिदै आएको छ । गत वर्षको तथ्याङ्कलाई हेर्दा कक्षा १-१२ सम्ममा ८४ जना बालबालिकाहरुले अपाङ्गता छात्रावृत्ति पाएका छन् ।सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि माथिका सबै छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गरिएको छ भने विपन्न तथा लक्षित वर्गलाई केन्द्रित गरेर विभिन्न सचेतनामूलक कार्यक्रमहरु पनि सन्चालन गरिएको छ । माध्यमिक तहमा अध्ययन गर्ने किशोर किशोरीहरुलाई लक्षित गरेर स्वास्थ्य सुरक्षा सम्वन्धी कार्यक्रमहरु पनि भएका छन् । यसका अलावा विपन्न वर्गका सबै बालबालिकालाई विद्यालयको पहुँचमा पुर्याउन छात्रावृत्ति वितरण जस्ता कार्यहरु यसै शैक्षिक सत्रबाट सुरु गर्ने गाउँपालिकाको सोच रहेको छ ।

### ४.१.३ उद्देश्यहरुः

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहारनहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.१.४ रणनीतिहरुः

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।

२. अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।

३. छात्रवृत्तिका लागि विपन्नलक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

जीत नारायण थापा मगर
अध्यक्ष

५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.१.५ उपलब्धिहरु, मुख्य मुख्य नतिजाहरु, प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

**उपलब्धिहरु:**

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**मुख्य मुख्य नतिजाहरु:**

१ शारीरिक रुपमा कमजोर र सामाजिक रुपमा पछाडि परेका बालबालिकाहरुको सिक्पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ ।

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | | | | | १ | | | |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी वीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | निरन्तर | | | | | | | | |
| ५ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | | | | | | | | |
| ६ | विद्यालयमा कुनै पनि प्रकारको विभेद,दुर्व्यवहार,हेपाई नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | निरन्तर | | | | | | | | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | |
| ८ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी सङ्ख्या | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

## ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचयः

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्नप्रोत्साहित गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास(Sanitation and hygiene practice)र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनु पर्दछ । यस्ता आधारभूत स्वास्थ्य,सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ (Bundy et al., 2018) ।

बालबालिकाले षोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७–८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । खास गरी ९/१०वर्षको उमेरदेखि बालबालिकाहरुको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता(Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ।

विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन,नियमित अनुपस्थित हुन तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । ,नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुता सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकार स्थापित गरेका छन्।

### ४.२.२ वर्तमान अवस्था र चुनौतीः

बुढीगंगा गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा कक्षा बालविकास देखि कक्षा ६ सम्म दिवा खाजाको व्यवस्थापन गरिएको छ । विद्यालयमा नै खाजाको सुविधा भएपछि विद्यार्थीहरुको कक्षा छाड्ने र वीचमै भाग्ने समस्या धेरै हल भएको प्रधानाध्यापक तथा शिक्षकहरुको बुझाइ छ । यद्यपि विद्यालयमा खाजा बनाएर खुवाउने कुरा भने दिन प्रतिदिन चुनौतिपूर्ण बन्दै गएको छ । थोरै रकम न्युन शिक्षक दरबन्दी कर्मचारीको अभावका कारण दिवा खाजाको व्यवस्थापन गर्न

जीत नारायण थापा मगर
अध्यक्ष

कठिनाइ भएको विद्यालय व्यवस्थापनको गुनासो सुनिन्छ । तसर्थ आगामी दिनमा विद्यालयहरुमा दिवा खाजाको प्रभावकारी व्यवस्थापन गरी विद्यालयहरुमा स्वस्थ र पोषणयुक्त खाजाको व्यवस्थापन आजको प्रमुख आवश्यकता देखिएको छ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिभुडा, मोरङ
कोशी प्रदेश, नेपाल

### ४.२.३ उद्देश्यहरुः

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.२.४ रणनीतिहरुः

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमाखाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गर्ने ।

४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।

जीत नारायण थापा मगर
अध्यक्ष

७. दिवा खाजालगायत स्वास्थ्य,पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थपप्रभावकारी बनाउने।

**४.२.५ उपलब्धिहरु, नतिजाहरु, मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारणः**

**उपलब्धिहरुः**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

**मुख्य नतिजाहरुः**

१. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

२. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम,प्रयोग भइसकेका सामग्री व्यवस्थापन,हात धुने ठाउँ,स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुनेछ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा शुक्ष्म पोषकतत्त्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

## मुख्य मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारणः

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | निरन्तर | | | | | | | | |
| २ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | |
| ३ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ४ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ५ | तालिम/प्रचार-प्रसार/मेनु तयारीर आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | निरन्तर | | | | | | | | |
| ६ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | निरन्तर | | | | | | | | |
| ७ | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा तथा विभिन्न मोडालिटिहरूको अध्ययन | निरन्तर | | | | | | | | |
| ८ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था | निरन्तर | | | | | | | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | निरन्तर | | | | | | | | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | निरन्तर | | | | | | | | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | निरन्तर | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालयमा स्वास्थ्य , सरसफाइ तथा स्वच्छता, पोषण र किशोरिहरूका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा | निरन्तर | | | | | | | |

## ४.३ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ४.३.१ परिचय

नेपाल सरकारले जुनसुकै आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्दता व्यक्त गरेको छ । युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा(Education in emergency and crisis)को रूपमालिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी (Preparedness), आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response)गर्ने र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) गर्ने कार्यढाँचा समेटिने गरिन्छ ।

स्थानीय तहको विधमान अवस्थाः

२०७२ को विनासकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।

स्थानीय तहमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।

जीत नारायण थापा मगर
अध्यक्ष

कोभिड- १९ महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरणर तिनीहरूको प्रभावकारिता ।

४.३.३उद्देश्यहरुः

१. विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास गर्नु ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

४.३.४ रणनीतिहरुः

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्ग दर्शन तथा कार्यविधिहरू तयार गर्ने ।

२. सम्भावित प्रकोप तथा विपद सम्बन्धि पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. कोभिड-१९लगायतका महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

७. शैक्षिक सेवा निरन्तरताको लागिआवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

८. विपद्व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

जीत नारायण थापा मगर
अध्यक्ष

९. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा कामगर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बीच वडातहसम्म समन्वयर जिम्मेवारीको संयन्त्र बनाउने।

१०.हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.३.५ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य

**उपलब्धिहरु**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास भएको हुनेछ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

१. विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रुपमा संचालन भएका हुनेछन् ।

**प्रमुखक्रियाकलापहरुरलक्ष्य निर्धारणः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | निरन्तर | | | | | | | | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | निरन्तर | | | | | | | | |
| ४ | शिक्षक तथा विव्यस तालिम | निरन्तर | | | | | | | | |
| ५ | संकटासन्नता मूल्याङ्कनको आधारमा योजना | निरन्तर | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | | | |
| ६ | विपद् प्रतिरोधी विद्यालय भवन निर्माण | निरन्तर | | | | | | | | | |

## ४.५ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचयः

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९को नियममा तोकिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुककर्न र जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.५.२ वर्तमान अवस्थाः

यस गाउँपालिकामा हाल १६ वटा सामुदायिक बिद्यालयहरु सन्चालनमा रहेका छन् । जसमध्ये एउटा माध्यमिक विद्यालय प्रस्तावित नमुना माध्यमिक विद्यालयको रुपमा सन्चालनमा रहको छ ।अधिकांश विद्यालयको भौतिक अवस्था त्यति सन्तोष जनक भने देखिंदैन ।सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला र आइसिटि ल्याव रहेका छन् । केहि विद्यालयका शौचालयहरु नाजुक अवस्थामा रहेका छन् । त्यसैले आगामी दिनमा सबै विद्यालयहरुमा सुविधायुक्त भौतिक पूर्वाधारहरुको व्यवस्थापन गरी सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढाउनु आजको आवश्यकता देखिन्छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

### ४.५.३ उद्देश्यहरु:

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधारविकास, मर्मत संभार तथा सबलीकरण गर्नु ।

### ४.५.४ रणनीतिहरू:

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरु:**

१.सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।

२.विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

**नतिजाहरु:**

१. सबै विद्यालयहरूमा सुविधा सम्पन्न भौतिक पूर्वाधार विकास भएको हुनेछ।

२. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन, मर्मत सम्भार र सबलीकरण पद्धतिको विकास भएको हुनेछ।

जीत नारायण थापा मगर
अध्यक्ष

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारणः**

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | | |
| २ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | ४ | ४ | ४ | ४ | | १६ | | |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | | १६ | | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | | १६ | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | | | | | | | | |
| ७ | बृहत विपद जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | तह | | | | | | | | |

## ४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.६.१परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ। यी चार ओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

जीत नारायण थापा मगर
अध्यक्ष

उक्त गुरु योजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएकोछ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएकोछ ।

### ४.६.२वर्तमानअवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा

जीत नारायण थापा मगर
अध्यक्ष

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकीकृत लेखा सफ्टवेयरकार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन्। उपलब्ध भएतापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्यादै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रब्य तथा श्रब्यदृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ।डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

जीत नारायण थापा मगर
अध्यक्ष

४.६.३उद्देश्यहरु

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु ।

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

४.६.४रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।

२. शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा क्षमता अभिवृद्धि गर्ने ।

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।

४.६.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिहरुः

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

प्रमुख नतिजाहरुः

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ ।

जीत नारायण थापा मगर
अध्यक्ष

२. विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुगेको हुनेछ ।

३. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन्

**प्रमुखक्रियाकलापरलक्ष्यः**

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | संख्या | ३ | ३ | ३ | २ | २ | १३ | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | संख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | | | | | | | | | |
| ५ | IEMIS व्यवस्थापन | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | | |
| ६ | सामूदायिक सिकाइकेन्द्रहरूको क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | | |

## ४.७ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.७.१परिचय

कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने व्यावसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । सामान्यतया शिक्षाको अर्थ ज्ञान आर्जन गर्नु वा केही सिक्नु भन्ने हो । शिक्षाले नै मानिसलाई कुनै विषयमा निष्णात वा पारङ्गत बनाउँछ । यसकारण यन्त्र, उपकरण, मेसिन, उदोगधन्दा, कलकारखाना लगायतका विभिन्न प्रविधिसँग सम्बन्धित ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । यस्तो शिक्षा वर्तमानको आवश्यकता बनेको छ । प्राविधिक शिक्षाको माध्यमबाट वर्तमान समयमा व्यक्तिले आफ्नो आर्थिक स्थिति सुदृढ बनाई राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान गर्न सक्छ । वर्तमान समय विज्ञान र प्रविधिको समय हो । मुलुकको विकासका लागि भौतिक तथा प्राकृतिक साधन स्रोतको जति मात्रामा भूमिका रहन्छ त्यो भन्दा बढी भूमिका जनशक्ति वा मानवशक्तिको रहन्छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

देश विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मानवीय पूँजी निर्माणका लागि प्राविधिक शिक्षा अपरिहार्य छ । प्राविधिक ज्ञान आर्जन गरेको व्यक्तिले मात्र प्राकृतिक साधन र स्रोतको समुचित उपयोग गरी मानवकल्याणका निमित्त योगदान दिनसक्छ ।हाम्रो देश नेपाल विश्वका अन्य कतिपय मुलुकको दाँजोमा आर्थिक दृष्टिले, विकास निर्माणका दृष्टिले, रोजगारीका अवसरका दृष्टिले निकै पछाडि परेको छ । यसको एउटा पक्ष रोजगारीका अवसर कम हुनु हो । धेरै जसो मानिसहरू बेरोजगार छन्, जतिले रोजगारी पाएका छन् ती पनि पूर्णकालिक नभई अर्धरोजगार छन् । जब व्यक्तिको आय नै कम छ भने जीवनस्तर राम्रो हुने कुरै भएन । मानिसले आफूलाई पूर्ण रोजगार बनाउन नसक्नुको एउटै कारण प्राविधिक शिक्षाको अभाव हो । यदि व्यक्तिमा प्राविधिक ज्ञान छ भने उसले बिनाकाम समय खेर फाल्नु पर्दैन । हाम्रो देश नेपाल प्रकृतिको विशाल भण्डार हो । यसको उपयोग गर्न व्यक्तिमा प्राविधिक ज्ञान आवश्यक पर्छ । आज विश्वका विकसित देशहरूमा त्यहाँको प्राविधिक जनशक्ति नै विकासको कारक बनेको देखिन्छ । त्यसैगरी जुन–जुन देशमा प्राविधिक जनशक्तिको कमी छ ती–ती देशहरू पछि परेका छन् । हाम्रो जस्तो विकासशील देशमा पहिलो त साक्षरता प्रतिशत नै कम छ भने दोस्रो कुरा प्राविधिक शिक्षालायहरू पनि पर्याप्त छैनन् । जेजति मानिसहरू शिक्षाका प्रमाणप प्राप्त गर्न सफल भएका छन् ती पनि धेरैजसो व्यावसायिकरुपमा काम गर्न सक्षम देखिँदैनन् । अहिले सञ्चालनमा रहेका धेरैजसो विद्यालय र महाविद्यालयहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने शैक्षिक कारखानाका रूपमा रहेका छन् । हाम्रो देशमा मृतसञ्जीवनी बुटीलगायतका अनेकौं प्राकृतिक सम्पदा एवम् जलसम्पदा रहेका छन् । मानवकल्याणका लागि यस्ता तत्वहरू पौरखी, परिश्रमी र प्रविधिक सीपयुक्त हातहरूको पर्खाइमा छन् । तर हाम्रो देशको शिक्षा नीति व्यवहारोपयोगी नभएकाले आफ्नै देशमा उपलब्ध हुने वस्तुहरु चिन्न नसकेर विदेशबाट आयात गर्नुपरेको छ । यसले एकातिर आफैसँग भएका महत्वपूर्ण वस्तुहरू मूल्यहीन भएका छन् भने अर्कातिर तीभन्दा कमसल वस्तुहरू विदेशबाट झिकाउनु परेको छ र स्वदेशी धन विदेशिएको छ । देशमा बेरोजगार युवाशक्ति कामको अभावमा विभिन्न आपराधिक क्रियाकलापमा संलग्न भएको छ । लुटपाट, काटमार, हत्या, आतङ्क, बलात्कार एवम् चोरी, डकैती बढ्दै गएको छ । समाज अस्तव्यस्त बनिरहेको छ । देशको ठूलो युवा जनशक्ति सस्तो मूल्यमा विदेशी आँगनमा श्रम बेच्न बाध्य छ । यहाँ उच्च शिक्षाको मात्र होइन विद्यावारिधिसम्म गरेका शिक्षितहरूसमेत बेरोजगारीको सिकार भई विदेशी आँगन चाहार्न विवश छन् । प्रविधि र प्राविधिक शिक्षामा अघि बढेका जापान, अमेरिका, रसिया, क्यानाडा, चीन तथा अधिकांश युरोपेली देशका नागरिहरूले आज बेरोजगारीको कथा बोकेर अर्काको मुलुक चाहार्नु परेको छैन न त बेरोजगार भएर बस्नु नै परेको छ । देशमा विद्यमान बेरोजगारी समस्या हल गर्न र समाजलाई सुव्यवस्थित एवम् सुन्दर बनाउन हाम्रो देशको शिक्षानीति सुधार गर्नुपर्ने आवश्यकता छ । प्राविधिक शिक्षा दिने विद्यालय एवम् विश्वविद्यालयहरूको सङ्ख्या बढाउनुपर्ने देखिन्छ । व्यक्तिमा श्रमप्रति सम्मान गर्नुपर्ने भावना जागृत गर्न आवश्यक छ । हरेक व्यक्तिलाई उसको रुचिअनुसारको सीप र काम उपलब्ध गराउन सरकारले तुरुन्तै प्रयास गर्नुपर्दछ । शिक्षा हासिल गरेको कुनै पनि नागरिक बेकामे भएर बस्नुपर्ने अवस्था तत्काल अन्त्य गर्नुपर्छ । यसका लागि एउटै उपाय छ, प्रत्येक व्यक्तिले इच्छा बमोजिमको प्राविधिक शिक्षा हासिल गर्न पाओस् । शिक्षा आर्जन गरेको व्यक्ति आफ्नै सीपमा बाँच्न सकोस् । जागिर माग्दै हिंड्ने होइन आफैं रोजगारीको सीपमा बाँच्न सक्ने बनोस् । शिक्षाले सीपयुक्त घरेलु उद्योगको लहर ल्याओस् । कुरा र भाषणभन्दा काम गर्ने बानीको विकास गराओस् । प्रत्येक हातहातमा सीप र घरघरमा उद्योगको विकास गराओस् । सिद्धान्त रटेर र गाइडका पाना घोकेर उच्च अङ्कमा परीक्षा उत्तीर्ण गरी महत्वाकाङ्क्षी पद र जागिरको तपस्यामा जिन्दगी बिताउने शिक्षित होइन सानो सीप र श्रममा रमाउने अनि त्यसैमा जिन्दगी सजाउने नागरिकको निर्माण गरोस् । यसर्थ आज हरेक नागरिक समाज र राष्ट्रको विकास तथा नवनिर्माणका निमित्त प्राविधिक शिक्षा नै अपरिहार्य र अनिवार्य भएको छ ।मुलुकको समृद्धिका लागि दक्ष जनशक्ति महत्वपूर्ण आवश्यकता हो । नेपालमा अहिले पनि प्राविधिक जनशक्तिको उत्पादन न्यून छ । देशको आवश्यकताका लागि मात्रै नभएर ठूलो संख्यामा



जीत नारायण थापा मगर
अध्यक्ष

वैदेशिक रोजगारीमा जाने युवाहरूको आय आर्यजनमा समेत वृद्धि गर्न योजनाबद्ध प्राविधिक शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । वर्तमान समयको मागअनुसार विश्व श्रमबजारमा खरो प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति आजको आवश्यकता हो । प्राविधिक शिक्षाले रोजगारीका अवसरहरू प्राप्त गर्न सहजता प्रदान गर्छ । तर कुन क्षेत्रको कस्ता प्राविधिक कति चाहिन्छ भन्ने भविष्यदर्शी योजनाको अभाव र हचुवाको भरमा कार्यक्रम ल्याउने पवृत्तिको कारणले पनि आवश्यक प्राविधिक जनशक्तिको अभाव खट्किएको छ । विद्यालय शिक्षा पार गरेका युवाहरूको भविष्यको शैक्षिक यात्राको सही मार्गदर्शन दिन नसकेमा त्यसको नकारात्मक असर परिवार, समाजदेखि देशले नै भोग्नुपर्ने हुन्छ । साधारण शिक्षा मात्र अध्ययन गर्ने प्रवृत्तिका कारण देशमा बेरोजगारीको विकराल समस्या बढ्दै गएको परिवेशमा सीपमूलक गुणस्तरीय प्राविधिक शिक्षा समस्या समाधानका लागि बरदान साबित हुन सक्छ । अहिले पनि झन्डै ५० लाखको हाराहारीमा वैदेशिक रोजगारीमा संलग्न युवाहरूले पठाएको रेमिट्यान्सले अर्थतन्त्र धान्न विवश हाम्रो देशमा जीवनोपयोगी पौरखी प्राविधिक शिक्षा अपरिहार्य भइसकेको छ । वैदेशिक रोजगारमा जाने युवाहरूलाई पनि त्यहाँको मागअनुसार सीपमूलक तालिम दिएर पठाउन सके उनीहरूको कमाइमा उल्लेख्य वृद्धि गर्न सकिन्छ । रोजगारीका लागि भौंतारिने भन्दा पनि रोजगारी दिन सक्ने सिर्जनात्मक तागत भएको जनशक्ति उत्पादन गर्ने राज्यको शिक्षा नीति हुनुपर्छ । प्रत्येक वर्ष माध्यमिक शिक्षा परीक्षा (एसइई) बाट करिब ५ लाख परीक्षार्थी उत्तीर्ण भएका छन् । उनीहरूलाई भविष्यको शैक्षिक यात्राका लागि मुख्यतया प्राविधिक र साधारण शिक्षामध्ये कुनै छनोट गर्नुपर्ने हुन्छ । धेरै लगानी गरेर लामो समयसम्म अध्ययन अनुसन्धान तहसम्मका लागि साधारण शिक्षा रोज्नु स्वाभाविकै हो । आफ्नो योग्यता, क्षमता र आर्थिक हैसियतको ख्यालै नगरी उच्च शिक्षाको विषय र बाटो रोज्दा भविष्य अलपत्र परेका उदाहरण बग्रेल्ती पाइन्छन् । हाम्रो जस्तो विकासोन्मुख देशमा मध्यमस्तरीय सीप भएका प्राविधिक जनशक्ति प्रशस्त आवश्यक पर्छ । एसईई पार गरेका परीक्षार्थीका लागि विभिन्न क्षेत्रमा स्वरोजगार बन्ने अवसर प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले विविध क्षेत्रमा अध्ययन र तालिमको अवसर प्रदान गर्दै आएको छ । एसईई परीक्षा उत्तीर्ण टीएसईई र डिप्लोमा गरी करिब ४५ हजारभन्दा बढीले सीटीईभीटीअन्तर्गत देशका विभिन्न क्षेत्रमा छरिएर बसेका शिक्षण संस्थामार्फत प्राविधिक शिक्षाको अध्ययन गर्ने अवसर छ । सीटीईभीटीअन्तर्गतका ३ सय ३१ संस्थाहरूबाट विभिन्न प्राविधिक क्षेत्रमा १८ हजार विद्यार्थीले डिप्लोमा कोर्स अध्ययन गर्न पाउने सुविधा प्रदान गरेको छ। त्यस्तै, २ सय ८० सम्बन्धन प्राप्त निजी संस्थाहरूले पनि विभिन्न प्राविधिक कोर्सहरू सञ्चालन गरिए तापनि पर्याप्त देखिएको छैन । हाम्रो जस्तो भौगोलिक विकटता र सामाजिक आर्थिक विभिन्नता भएको देशमा गुणस्तरीय प्राविधिक शिक्षामा सहज पहुँचको सुनिश्चितताका लागि सरकारले विशेष ध्यान दिन विलम्ब भइसकेको छ । विगत वर्षहरूमा साधारण शिक्षामा मात्र जोड दिंदा शिक्षण संस्था शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखानाका रूपमा चित्रित भएका थिए । तर पछि विद्यालय तहदेखि नै प्राविधिक धारका आधारभूत ज्ञान र सीप प्रदान गर्ने समयानुकूल सकारात्मक नीति राज्यले लिएको पाइन्छ । माछा मारेर खुवाउनेभन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो पौरखी शिक्षा हुनुपर्छ । अतः दैनिक जीवनमा प्रयोग गर्ने विषय र विधि सिकाउने खालको शिक्षा हुनुपर्छ । कुनै व्यक्तिको प्रमाणपत्रको प्राप्तांकभन्दा पनि उसले देखाउने बानी व्यवहार, चालचलन र चरित्रका आधारमा गुणस्तरीय शिक्षा परिभाषित हुनुपर्छ दिन प्रतिदिन ऊर्जाशील युवा जनशक्ति रोजगारीका लागि विदेशिनु देशका लागि कदापि शुभ संकेत होइन । रोजगारीका लागि नेपाली युवाहरू भौतारिँदै कस्तुरीले आफूमा भएको सुगन्धित वीणाको ज्ञान नभएर कहाँबाट बासना आयो भन्दै भौंतारिएर हिंडेजस्तै मृगतृष्णाका रूपमा आफ्नै देशमा उपलब्ध पेसा अँगाल्न हिच्किचाउँदै हजारौं, लाखौं रुपैयाँ खर्च गरेर खाडी मुलुकको प्रचण्ड गर्मीमा जोखिमपूर्ण वातावरणमा तरकारी, फलफूलखेती, भेडा चराउने, गधा जोत्नेजस्ता कृषिजन्य काम गर्न तँछाडमछाडका साथ पुगेका छन् । अर्कोतर्फ छिमेकी देशहरूबाट रोजगारीका लागि नेपाल आएर फलफूल तरकारी र अन्य सामान बेच्न सहर बजारमा मात्र नभएर

जीत नारायण थापा मगर
अध्यक्ष

विकट गाउँहरूमा पनि छ्यापछ्याप्ती पुगेको पाइन्छ । तर गर्वकासाथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन् ? त्यो भन्दा तल्लो स्तरको काम गर्न मुग्लान नै पस्नुपर्ने किन ? यस्तो मनोविज्ञानलाई कसरी परिवर्तन गर्न सकिएला ? आफ्नो देशमा रोजगारी नपाएमा चारैतिर अभावै अभावबाट छट्पटिएर निराश भई विरक्तिएर बिदेसिएका नेपाली झन् कष्टकर, अमानवीय व्यवहार सहन बाध्य भएर बिचल्लीमा परेको समाचार छापामा बग्रेल्ती पाइन्छ । यसरी, तावाबाट उम्केको माछा भुंग्रोमा परेर तड्पिएको चरितार्थ त्यहाँ पाइन्छ । त्यही पेसा स्वदेशमा गर्दा र विदेशमा गर्दा समाजको र व्यक्तिको हेराइमा फरक हुनाको कारण के हो ? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमा नै प्रयोग गर्न के गर्नु पर्ला ? आदि प्रश्नको विश्लेषणबाट सार्थक निष्कर्षमा पुग्न विलम्ब गर्नु हुँदैन ।शिक्षालाई गुणस्तरीय जनमुखी, प्रगतिशील जीवनोपयोगी विशेषणबाट सम्बोधन गरिएको पाइन्छ । गुणस्तर प्राप्तांकको आधारमा निर्क्योल गर्ने प्रचलन प्रशस्तै छ । जसको कारणबाट आमाबुबाको अर्थ नबुझ्ने, तर 'ड्याड मम'को संस्कारमा हुर्कने, दूध कहाँबाट आउँछभन्दा डेरीबाट भन्ने गाईभैंसीको जानकारी नराख्ने कृषिमा हलो, फाली, करुवा दाँते आदिबारेको जानकारी नहुने सैद्धान्तिक ज्ञान मात्र भएको, तर अल्प व्यावहारिक ज्ञान भएका नागरिकभन्दा आफ्नो परिवेशलाई समेत साक्षात्कार गर्ने गराउने गरेर सिक्ने खालको शिक्षाको अवलम्बन गरिनुपर्छ । शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनुपर्छ । माछा मारेर खुवाउनेभन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो पौरखी शिक्षा हुनुपर्छ । अतः दैनिक जीवनमा प्रयोग गर्ने विषय र विधि सिकाउने खालको शिक्षा हुनुपर्छ । कुनै व्यक्तिको प्रमाण पत्रको प्राप्तांकभन्दा पनि उसले देखाउने बानी व्यवहार, चालचलन, चरित्रको आधारमा गुणस्तरीय शिक्षा परिभाषित हुनुपर्छ ।हाम्रो मूल्यांकन पद्धति कसरी विश्वसनीय र वस्तुनिष्ठ बनाउन सकिन्छ भन्ने चिन्ता र चिन्तन गर्नुपर्ने देखिन्छ । किनकि १ सय पूर्णांकमा सरदर ३२ प्रतिशत मात्रै विषयवस्तु जानेमा उत्तीर्ण हुने पद्धतिलाई पुनरावलोकन गरिनुपर्छ । त्यसप्रकारको परीक्षाबाट पनि सरदर ५२ प्रतिशत अंक मात्रै विद्यार्थीले प्राप्त गरेको अध्ययन अनुसन्धानले पुष्टि गरेको छ । कतिपय विषयमा पूर्णांक प्राप्त गर्नु आठौं आश्चर्य भएको छ । अर्कोतर्फ कतिपय विशिष्ट श्रेणीमा उत्तीर्ण भएकाहरू जसलाई उच्च गुणस्तर भनिन्छ, उनीहरूको अपेक्षाकृत व्यवहार सकारात्मक भएको देखिन्न ।त्यसकारण सिर्जनशील लगनशील प्रतिस्पर्धी उत्साही, उर्जाशील सफल नागरिक बनाउने खालको व्यावहारिक पौरखी शिक्षा आजको आवश्यकता हो । जसअनुसार श्रमप्रति सम्मान जगाउने धारणाको विकास गराउनुपर्छ । पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्धतिलाई विद्यार्थी केन्द्रित गरिनुपर्छ । त्यस्तै, विद्यालयको वातावरण विद्यार्थीको जीवनपद्धति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्छ । पौरखी नागरिक बन्ने अभ्यास विद्यालयमा आयोजना गरिने क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनुपर्छ । साथै उनीहरूको पारिवारिक, आर्थिक, सामाजिक सांस्कृतिक मूल्यमान्यता संस्कार एवं भावना आदिलाई मध्यनजर राखेर शैक्षिक नीति तर्जुमा गरिनुपर्छ । राज्यले तोकेको पाठयक्रमको अतिरिक्त तीव्र गतिमा परिवर्तन आएको विज्ञान र प्रविधिलाई विद्यालयमा प्रवेश गराउनुपर्छ । मानवजीवनको चौतर्फी विकासका लागि जीवनोपयोगी शिक्षा अपरिहार्य हुन्छ । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिको अन्तरर्निहित प्रतिभालाई प्रस्फुटन गराएर उत्कृष्टता हासिल गर्नेतर्फ उन्मुख गराउनु हो।

सामाजिक, सांस्कृतिक, धार्मिक रहनसहन, मूल्य मान्यता, पहिचान र समायानुकूल परिमार्जन तथा परिष्कृत गर्दै जीवनशैलीमा उतार्न सक्षम सकारात्मक नागरिक उत्पादन गर्नुपर्छ । शिक्षाले दैनिक जीवनमा आइपर्ने चुनौतीलाई सहज रूपमा सामना गर्न सक्ने सिर्जनात्मक एवं रचनात्मक प्रतिभाको विकास गर्न सक्नुपर्छ । श्रमप्रति आस्था र विश्वास राख्ने लगनशील पौरखी नागरिक उत्पादन गर्ने उद्देश्यमा केन्द्रित प्राविधिक शिक्षा नीति तथा कार्यक्रम हुनुपर्छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

३.७.२वर्तमानअवस्था

यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक जनशक्ति उत्पादन गर्ने मनमोहन प्राविधिक विश्वविद्यालय समेत रहेको छ भने विश्वविद्यालयको मातहतमा रहेको मनमोहन स्मृति पोलिटेक्निकमा ५ वटा स्टिममा प्राविधिक धार तर्फका डिप्लोमा तह सम्मको पठनपाठन हुने गरेको छ भने सिभिल इन्जिनियरिङ तर्फ ब्याच्लर सम्मको अध्यापन हुन्छ । बुढीगंगा गाउँपालिकाले प्राविधिक धार पढ्न इच्छुक विपन्न वर्गका विद्यार्थीहरुका लागि छात्रावृत्ति समेत प्रदान गर्दै आइरहेको छ । त्यसै गरी यसै गाउँपालिका अन्तर्गतको जनप्रिय माध्यमिक विद्यालयमा CTEVT अन्तर्गत टेक्स विद्यालयको रुपमा कम्प्युटर इन्जिनियरिङ तर्फको प्रि डिल्लोमाको पठनपाठन गर्ने स्वीकृती प्राप्त गरी अध्यापन हुँदै आइरहेको छ भने अप्रेन्टिसिप अन्तर्गतका विभिन्न तालिमहरु समेत सन्चालन भइरहेका छन् । त्यसै गरी प्रस्तावित नमुना विद्यालय नरग्राम माध्यमिक विद्यालय बुढीगंगा-१ मा नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी प्राविधिक धारतर्फ बालीविज्ञान कक्षा ९-१२ सन्चालनमा रहेको छ । बुढीगंगा गाउँपालिका का साथसाथै छिमेकी पालिकाहरुबाट समेत उल्लेख्य मात्रामा विद्यार्थीहरु पठनपाठनमा सहभागी भइरहेका छन् ।त्यसैगरी प्राविधिक धारका विद्यार्थीको सीपलाई कार्य र रोजगार सँग जोड्न पढ्दै कमाउँदै कार्यक्रम समेत सन्चालनमा रहेको छ ।प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यका साथ यस गाउँपालिकामा गत आर्थिक वर्षबाट नेपाल सरकार र स्वीजरल्यान्ट सरकारको संयुक्त लगानीमा दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रो समेत सन्चालनमा रहेको छ । उक्त परियोजनाले प्रत्येक वर्ष ४० जना व्यक्तिले कार्यगत अभ्यास सहितको १० महिने तालिममा सहभागी भइ रोजगारीको अवसर प्राप्त गर्ने अपेक्षा गरेको छ तर अपेक्षित रुपमा व्यक्तिहरु तालिममा सहभागी हुन सकिरहेका छैनन। तसर्थ प्राविधिक जनशक्ति उत्पादन गर्ने यस्ता संस्थाहरुमा व्यक्तिको रुची चाहाना र आवश्यकता बमोजिमको तालिम प्रदान गरी सबै मानिसलाई रोजगारीको अवसर सिर्जना गर्न सक्नु आजको प्रमुख चुनौति रहेको छ ।

३.७.३ उद्देश्यहरु

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु ।

जीत नारायण थापा मगर
अध्यक्ष

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

### ३.७.४ रणनीतिहरू

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने

२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको क्षमता विस्तार गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने

६. आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने

७. महिला, आदिबासी/ जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपकाक्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने

९. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरू सँग समन्वय तथा सहकार्य गर्ने

१०. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपप्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

जीत नारायण थापा मगर
अध्यक्ष

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

१. उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ।

प्रमुख नतिजाहरुः

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने।
२. स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चाल नहुने
३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जन सँग जोडिने
५. स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन हुने
६. बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने
७. खोज, नवप्रर्वतन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने
८. उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने।
९. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

जीत नारायण थापा मगर
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
हातिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल

## प्रमुख क्रियाकलाप र लक्ष्यः

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू सञ्चालन | निरन्तर | | | | | | | | |
| २ | प्राविधिकधार सञ्चालन भएका विद्यालयहरूको भौतिकपूर्वाधार विकास | निरन्तर | | | | | | | | |
| ३ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | निरन्तर | | | | | | | | |
| ४ | शिक्षक व्यवस्था | निरन्तर | | | | | | | | |
| ५ | छात्रबृत्ति कार्यक्रम | निरन्तर | | | | | | | | |
| ६ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागिआवश्यक नीति तर्जुमा | निरन्तर | | | | | | | | |
| ७ | खोज तथा नवपर्वर्तनात्मक कार्यलाई प्रोत्साहन | निरन्तर | | | | | | | | |
| ८ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | निरन्तर | | | | | | | | |
| ९ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | निरन्तर | | | | | | | | |
| १० | आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुखजाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्नआवश्यक स्रोतको व्यवस्था | निरन्तर | | | | | | | | |

जीत नारायण थापा मगर
अध्यक्ष

# परिच्छेद ५

## ५.१ सुशासन तथा व्यवस्थापन

### ५.१.१परिचय

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोधवा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्नर पारदर्शितातथा विधिको सर्वोच्चता कायमगर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ।विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

जीत नारायण थापा मगर
अध्यक्ष

५.१.२ वर्तमान अवस्थाः

बुढीगंगा गाउँपालिकामा जम्मा ३८ वटा विद्यालयहरु सन्चालनमा रहेका छन् जसमध्ये माध्यमिक तह कक्षा १-१२ सन्चालित विद्यालयहरु ६ वटा, कक्षा १-१० सन्चालित १३ वटा कक्षा १-८ सन्चालित १९ वटा र प्राथिमिक तह सम्म सन्चालित विद्यालयहरु १९ वटा रहेका छन् ( सामुदायिक संस्थागत र मदरसा समेत ) सामुदायिक विद्यालयहरुको संस्थागत संरचना, दरबन्दी व्यवस्थापन, विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षकलाई पेशागत सहयोग गर्ने निकायको रुपमा गाउँपालिकामा शिक्षा शाखाको संस्थागत संरचना तयार भएको छ जसमध्ये शिक्षा सेवाको सातौं/ आठौ १ र शिक्षा सेवाको पाचौं/ छैटौं १ जना कर्मचारीको दरबन्दी स्वीकृत भइ कर्मचारी समेत कामकाज गरिरहेको अवस्था रहेको छ । परिवर्तित समय अनुसार विद्यालयको नियमित अनुगमन र सुपरीवेक्षण कार्यका लागि यो जनशक्ति अपुग भएको देखिन्छ । कर्मचारीले अधिकांश समय कार्यालयमा नै बसेर प्रशासनिक काम गर्नुपर्ने भएको हुँदा शिक्षकको तालिम र पेशागत सहयोगको पाटोमा भने शिक्षा शाखालाई कठिनाइ सिर्जना भएको अवस्था छ । सामुदायिक विद्यालयहरुमा विषयगत दरबन्दीको अभावका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धि सन्तोष जनक नभएको गुनासो विद्यालय तथा सरोकारवाला पक्षाहरुबाट बारम्बार आउने गरेको छ । तसर्थ बदलिदो परिस्थितिलाई समेत मध्यनजर गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा समेत विकाउ हुने सक्षम जनशक्ति उत्पादका लागि गाउँपालिकाले संविधानप्रदत्त अधिकारको प्रभावकारी कार्वान्वयन गर्दै सबै विद्यालयहरुमा क्रमिक रुपमा आवश्यक विषयगत दरबन्दी व्यवस्थापन गरी प्रभावकारी नतिजा ल्याउनु आजको प्रमुख आवश्यकता देखिन्छ ।

५.१.३ उद्देश्यहरुः

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।

२. जनशक्तिहरुको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

जीत नारायण थापा मगर
अध्यक्ष

५.१.४रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।

४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थपजिम्मेवार बनाई क्षमता विकास गर्ने।

६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

५.१.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिहरुः

१. स्थानीयतहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

प्रमुख नतिजाः

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

प्रमुखक्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | | | | | १ | | |

जीत नारायण थापा मगर
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | | | | | १ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | | | | | | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | निरन्तर | | | | | | | | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | निरन्तर | | | | | | | | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने | निरन्तर | | | | | | | | |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | निरन्तर | | | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१परिचय

